# सार्वजनिक-निजी साझेदारी नीति, २०७२

नेपाल सरकार

**अर्थ मन्त्रालय**

सिंहदरबार, काठमाडौं

नेपाल ।

## विषयसूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | विगतका प्रयास | १ |
| ३. | वर्तमान स्थिति | २ |
| ४. | चुनौती रसमस्या | २ |
| ५. | नयाँ नीतिको आवश्यकता | ३ |
| ६. | दीर्घकालीन सोंच | ३ |
| ७. | लक्ष्य | ३ |
| ८. | उद्देश्य | ३ |
| ९. | नीतिहरू | ४ |
| १०. | रणनीतिहरू | ४ |
| ११. | कार्यनीति | ५ |
| १२. | संस्थागत संरचना | २४ |
| १३. | आर्थिक पक्ष | २७ |
| १४. | कानुनी व्यवस्था | २९ |
| १५. | अनुगमन तथा मूल्याङ्कन | ३० |
| १६. | नियमनको व्यवस्था | ३० |
| १७. | जोखिम | ३० |
| १८. | आयोजना हस्तान्तरण | ३१ |
| १९. | खारेजी तथा बचाउ | ३१ |

## १. पृष्ठभूमि

१.१ मुलुकमा आर्थिक वृद्धिलाई दिगो रूपमा हासिल गर्न आवश्यक सार्वजनिक पूर्वाधार/संरचनातथा सेवाहरू (जस्तै; सडक, पुल, विमानस्थल, अत्याधुनिक सञ्चार साधन, खानेपानी, सिँचाई, विद्युत्, रेल मार्ग, केवलकार, रोपवे लगायत विभिन्न पूर्वाधारहरू) को विकास अनिवार्य हुन्छ । पूर्वाधार सेवाहरूको निर्माण र सञ्चालनमा आवश्यक पर्ने साधन-स्रोतहरूको तुलनामा राज्यकोषबाट विनियोजन हुने साधन-स्रोत न्यून हुने भएकाले सार्वजनिक-निजी साझेदारीकोमान्यताको आधारमा निजी क्षेत्रमा उपलब्धसाधन-स्रोत, सीप तथा प्रविधिलाई मुलुकको विकास कार्यमा आकर्षित गरी सार्वजनिक उपयोगका सम्पत्ति र सेवाको सञ्चालन कम खर्चिलो, प्रभावकारी र विश्वासनीय बनाउनु वाञ्छनीय भएको छ ।

१.२ सार्वजनिक उपयोगका वस्तु तथा सेवाको उत्पादन/सिर्जना गर्ने,पूर्वाधार तथा सेवाहरूको निर्माण/सञ्चालनमा निजी क्षेत्रमा उपलब्ध व्यवस्थापकीय सीप, नवीनतमप्रविधि, उपयुक्त मानव संसाधन तथा पुँजीकोसमुचित प्रयोगलाई सुनिश्चितता प्रदान गर्दै आर्थिक विकासलाई गति प्रदान गर्न र राष्ट्रिय अर्थतन्त्रको सबलीकरणका साथै सार्वजनिक सेवालाई प्रभावकारी बनाउन यसरी निर्माण भएका पूर्वाधार सेवाहरूको योगदान महत्वपूर्ण तथा प्रभावकारी हुने विश्वास गरिएको छ ।

१.३ सार्वजनिक पूर्वाधारहरूको निर्माण र सञ्चालनमा रहने जोखिम न्यूनीकरण, व्यवस्थापन तथा सञ्चालनका उपयुक्त तरिका र सरकारको भूमिकालाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सेवाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको संलग्नतालाई यथोचित रूपमा सम्बोधन गरीस्वीकार्य हुने अनुकूल नीतिगत वातावरणतयार गर्नजरुरी भएको छ ।

## २. विगतका प्रयास

२.१ पूर्वाधार/संरचनाहरूको विकास एवंसु-सञ्चालन अत्यन्त पुँजीप्रधानएवंप्राविधिक विषयवस्तु भएको र यसका लागि स्वदेशी एवं विदेशी लगानीकर्ताहरूलाई उक्तक्षेत्रको विकास एवं विस्तारमा आकर्षित गर्नर सोहीतदनुरूपको वातावरण सिर्जना गर्नआवश्यक छ । पूर्वाधार निर्माण तथा विस्तारको बढ्दो आवश्यकतालाई परिपूर्ति गर्नको लागि निजी लगानीकर्ताबाट पूर्वाधार संरचनाको विकास सम्बन्धी पद्धति अन्तर्गत् पूर्वाधार निर्माण गराउन आवश्यक ठानी“सार्वजनिक पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा हस्तान्तरण सम्बन्धी नीति, २०५७” निर्माण भई कार्यान्वयनमा आएको थियो ।

२.२ माथि बुँदा नं. २.१ मा उल्लिखित नीतिलाई आधारमानी वि.सं.२०६३ सालमा “पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३” जारी भई अद्यावधि कार्यान्वयनमा रहेको छ ।

२.३ माथि उल्लिखित नीति तथा कानुनी व्यवस्थाको आधारमा स्थानीय निकायका विभिन्न तहमा सार्वजनिक निजी साझेदारीको अवधारणामा आधारित केही आयोजनाहरू सञ्चालन भई कार्यान्वयनमा आएकाछन् र स्थानीय तहमा सार्वजनिक निजी साझेदारी आयोजनाहरूको सफल कार्यान्वयन भएबाट यसको औचित्यता पुष्टि हुँदै गएको छ ।

२.४ विगत लामो समयदेखि यस क्षेत्रमा सुधार गर्न विभिन्न प्रयासहरू गरिएतापनि पूर्वाधार विकासको क्षेत्रमा राष्ट्रिय स्तरमा लक्ष्य अनुसारको उपलब्धी हासिल हुन नसकेकाले थप नीतिगत सुधारको प्रयास समेत हुँदै आएको छ ।

## ३. वर्तमान स्थिति

३.१ नेपालले सन् २०२२ सम्ममा अतिकम विकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति गर्ने आकाङ्क्षा लिएको छ । यसका लागि प्रतिव्यक्ति औसत कुल राष्ट्रिय आय १,२४२ अमेरिकी डलर, मानव सम्पत्ति सूचकाङ्क ६६ र आर्थिक जोखिमको सूचकाङ्क ३२ पु-याउने गरी मापदण्ड र सीमा निर्धारण गरेको छ । संयुक्त राष्ट्र सङ्घको सन्२०१५ को मूल्याङ्कनलाई आधार मान्दा नेपालको अवस्था क्रमशः ६५९ अमेरिकी डलर, ६८.७ र २६.८ रहेको र भौतिक पूर्वाधार सेवाको अवस्था भरपर्दो र पर्याप्त हुन सकेको छैन ।

३.२ नेपालमा हाल "सार्वजनिक पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा हस्तान्तरण सम्बन्धीनीति, २०५७" तथा "पूर्वाधार संरचनाको निर्माण तथा संञ्चालनमा निजी लगानी सम्बन्धीऐन, २०६३"र सो सम्बन्धी नियमावली २०६४ लागू भई सार्वजनिक-निजीसाझेदारीको क्षेत्रमा स्थानीय तहमा केही स-साना सहरी पूर्वाधार सम्बन्धीकामकाज भएतापनि केन्द्रीय स्तरमा कुनै विशेष उपलब्धी हासिल हुन सकेको अवस्था छैन ।

३.३ काठमाडौं-तराई द्रुतमार्ग निर्माणमा धेरै पटक प्रस्तावहरू मागगरिएतापनि सफल प्रस्तावकहरू छनोट हुन सकेको छैन । काठमाडौं-हेटौंडासुरुङ मार्गको सोझै प्राप्त भएको प्रस्तावस्वीकृत भई आयोजना सम्झौतामा हस्ताक्षर भएको लामो समय बित्दा पनि अपेक्षाकृत उपलब्धी हासिल हुन सकेन ।त्यस्तै, विभिन्न स्थानमा आह्वान गरिएका केवलकार सञ्चालन सम्बन्धी आयोजनाहरूमा प्रस्ताव प्रस्तुत गर्ने प्रस्तावदाताहरू मध्येबाट सफल प्रस्तावदाता छनौट हुन सकेको छैन । यसो हुनुमा विद्यमान नीति, ऐन तथा नियमहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवधारणा, मान्यता एवम्प्रचलनहरूलाई स्पष्टताका साथ आत्मसात गर्न नसक्नुका साथै समयानुकूल नरहेको भन्ने बुझाइ रहेको छ ।

## ४. चुनौती रसमस्या

४.१ सन् २०२२ सम्ममा मुलुकलाई विकासोन्मुख राष्ट्रमा रुपान्तरण गर्ने लक्ष्य हासिल गर्न पूर्वाधार क्षेत्रको विकासमा सार्वजनिक-निजी साझेदारीमा लगानी र व्यवस्थापन बढाउनु प्रमुख चुनौतीको रूपमारहेकोछ ।

४.२ सार्वजनिक निजी साझेदारी आयोजनाको सञ्चालनमा निजी क्षेत्रले वहन गर्ने लगानी तथा जिम्मेवारीहरू जोखिमका दृष्टिले निश्चित समय भित्र नै सम्पन्न गरिसक्नु पर्ने हुन्छ ।निजी क्षेत्रको सहकार्यमा सार्वजनिक क्षेत्रले पनि आयोजनाको स्वरूप निर्धारण, जग्गा अधिग्रहण, समन्वय र स्वीकृति, निजी क्षेत्रलाई दिइने भुक्तानी, वातावरणीय प्रभावको स्वीकृति जस्ता विषयहरू सम्झौतामा उल्लिखित समय मै सम्पन्न गर्नुपर्ने जिम्मेवारीहरू पुरागर्नु चुनौतिको रूपमा देखिएको छ ।

४.३ सार्वजनिक निजी साझेदारीको रूपमा आयोजना पहिचान, निर्माण, सञ्चालन तथा हस्तान्तरण जस्ता कार्यहरूमा प्रक्रियागत चुनौती, कानुनी तथा नियमनकारी कार्यमा विज्ञतालाई कायम राख्नु एवं सार्वजनिक सुशासन कायम राख्नमा दक्ष जनशक्ति तयार पार्नु जस्ता चुनौतीहरू पनि बिद्यमान रहेका छन् ।

४.४ नेपालमा पूर्वाधार सेवाहरूको विकास र विस्तारमा सार्वजनिक-निजी साझेदारी सम्बन्धी अवधारणा कार्यान्वयनमासीमित स्रोत एवम्कमजोर व्यवसायिक क्षमता जस्तासमस्याहरूरहेका छन् ।

४.५ राष्ट्रिय महत्वका तथा ठूला पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारीको अवधारणामा संयुक्त प्रयासबाट आयोजनाहरू कार्यान्यवन गर्दा जोखिमको उपयुक्त बाँडफाँड सम्बन्धी नीतिगत व्यवस्था नहुनु, सम्भाव्यता न्यून परिपूर्ति कोष(VGF)लाई सम्बोधन गर्न उपयुक्तब्यवस्था नहुनु, आयोजना छनौटलाई पारदर्शी पार्न नसकिनु, उपयुक्त किसिमले सम्भाव्यता अध्ययन नहुनु, भएका

अध्ययनहरूको पनि स्वतन्त्र उपयुक्तताको लेखाजोखा(Appraisal) गर्ने परिपाटी नहुनु,लगानी मैत्री वातावरण नहुनु र सुरक्षा तथा जग्गा अधिग्रहण सम्बन्धी समस्याहरू रहिरहनु,जस्ता समस्याहरू रहेको देखिन्छ ।

## ५. नयाँ नीतिको आवश्यकता

५.१ मुलुकको सार्वजनिक पूर्वाधार तथा सेवाहरूको निर्माण, स्तरोन्नति, आधुनिकीकरण तथा सञ्चालनमा निजी क्षेत्रमा उपलब्ध आर्थिक स्रोत-साधन, व्यवसायिक कुशलता, उद्यमशीलता, क्षमता, दक्षता एवम् नवीनतम प्रविधिको प्रयोगलाई आर्थिक विकासमा आर्कषण गरी स्तरीय सेवा प्रवाह गर्न,

५.२ पर्याप्त तथा गुणस्तरयुक्त पूर्वाधार तथा सेवाहरू उपलब्ध गराउन कुल गार्हस्थ्य उत्पादनको ३ देखि ४ प्रतिशत पूर्वाधार क्षेत्रमा गरिरहेको लगानीमा ब्यापक वृद्धिका लागि राज्यकोषमाआवश्यक सुधारतथा सरकारको एकल लगानी मात्र पर्याप्त नहुने हुँदा निजी क्षेत्रको लगानी आकर्षित गरी सार्वजनिक हितका लागि उपयोग गर्न,

५.३ माथि बुँदा ३.१ मा उल्लेख गरिएका स्थितिलाई हेर्दा नेपालले आगामी दिनमावर्तमान पूर्वाधार विकासको क्षेत्रमा ब्यापक सुधारका लागि सन् २०२२ सम्ममा यस क्षेत्रमालगभग सय खर्ब रुपैंयाँ लगानी गरी ६ देखि ७प्रतिशतको वार्षिक आर्थिक वृद्धिदर हासिल गर्न,

प्रस्तुत पृष्ठभूमिमासार्वजनिकतथानिजी क्षेत्रको साझेदारीमा पूर्वाधार क्षेत्रको विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन, विश्लेषण तथा परामर्श पश्चात्‌विद्यमान नीति, ऐन, नियमहरूमा उल्लेख्य परिवर्तन गर्न आवश्यक भएकालेनेपालसरकारद्वारा“सार्वजनिक-निजी साझेदारी नीति, २०७२”तर्जुमा गरिएको छ ।

## ६. दीर्घकालीन सोच (Vision)

सार्वजनिक पूर्वाधार तथासेवाहरूको गुणस्तरीयर दिगो विकास गरी त्यस्ता पूर्वाधार तथा सेवाहरूमा सर्वसाधारण नागरिकको पहुँच सुनिश्चित गर्ने ।

## ७. लक्ष्य (Goal)

सार्वजनिक-निजी साझेदारीकोमाध्यमबाट बृहत् सामाजिक तथा आर्थिक विकासको लागि सार्वजनिक पूर्वाधार सेवाहरूको विकास तथा सञ्चालनमा सार्वजनिक-निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने ।

## ८. उद्देश्य(Objectives)

यस नीतिका उद्देश्य देहायबमोजिमहुनेछन्:-

८.१ सार्वजनिक पूर्वाधार तथा सेवाहरूको विकास, पुनर्निमाण तथा सञ्चालनको क्षेत्रमा आवश्यक पुँजी, साधन एवंस्रोतहरू निजी क्षेत्रबाट परिपूर्ति गर्न निजी लगानी आकर्षण हुने वातावरण सिर्जना गर्ने ।

८.२ मुलुकको लागि आवश्यक गुणस्तरयुक्त सार्वजनिक पूर्वाधार सेवाहरू उपलब्ध गराउननिजी क्षेत्रमा रहेकोव्यवसायिकता,कार्यकुशलता, उद्यमशीलता एवम् प्राविधिकदक्षताको उपयोग गर्ने ।

## ९. नीतिहरू(Policies)

माथि दफा ८ मा उल्लेख भएका उद्देश्यहरू हासिल गर्न देहायबमोजिमका नीतिहरू अवलम्बन गरिने छ:-

९.१ सार्वजनिक-निजी साझेदारी सम्बन्धी अन्तर्राष्ट्रियरूपमा प्रचलितसिद्धान्त तथामान्यताहरूलाई राज्यका सम्पूर्णसम्भाव्य क्षेत्र, संयन्त्र, अङ्ग तथा निकायहरूमाप्रवर्द्धन गर्ने ।

९.२ पूर्वाधार सेवाहरूको विकास, पुनर्निमाण, व्यवस्थापन तथा सञ्चालनमा आवश्यक पर्ने थप पुँजी, साधन तथा स्रोतहरु निजी (आन्तरिक तथा बाह्य)क्षेत्रबाट लगानी गर्न अनुकुल वातावरणको सिर्जना गर्ने ।

९.३ पूर्वाधार सेवाहरूको विकास, पुनर्निमाण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापनमा निजी (आन्तरिक बा वाह्य) क्षेत्रको व्यवसायिकता, उद्यमशीलता, क्षमता, दक्षता एवं नवीनतम प्रविधिलाई मुलुकको सर्वाङ्गीण विकासमा अधिकतम उपयोग गर्ने ।

## १०. रणनीतिहरू(Strategies)

(क) नीति९.१ सँग सम्बन्धित रणनीतिहरू देहायबमोजिम हुनेछन् :-

१०.१ सार्वजनिक-निजी साझेदारी सम्बन्धी प्रचलित मान्यता तथा अवधारणालाई आवश्यकता र सान्दर्भिकताका आधारमा सम्भाव्यसम्पूर्णसार्वजनिक क्षेत्र तथा निकायहरूमा स्वीकार/अङ्गीकार गरिने छ ।

१०.२ सार्वजनिक-निजी साझेदारी अवधारणाअनुसार कार्यान्वियनगर्न सकिने पूर्वाधार र सेवाहरूपहिचानगरी प्राथमिकता निर्धारण गरिनेछ ।

१०.३ आर्थिक तथा पूर्वाधार विकासका लागि सार्वजनिक-निजी साझेदारीको प्रचलित मान्यता अनुरूप सम्पन्न हुनसक्ने आयोजनाहरूलाई राज्यका सबै अङ्ग तथा निकायहरूलाई आवश्यकतानुसार कार्यान्वियन गर्न क्रियाशिल गराइने छ ।

(ख) नीति ९.२ सँग सम्बन्धित रणनीतिहरू देहाय बमोजिम हुनेछन् :-

१०.४ सार्वजनिक-निजी साझेदारी अवधारणा अर्न्तगत् कार्यान्वयन गरिने आयोजनाहरूको खरिद तथा स्वीकृति प्रक्रियालाई सरल एवं पारदर्शी बनाइने छ ।

१०.५ लाभ तथा जोखिमलाई सार्वजनिक तथा निजी क्षेत्रबीच न्यायोचित रूपमा बाँडफाँड गरिने छ ।

१०.६ सार्वजनिक-निजी साझेदारीको अवधारणालाई कार्यान्वयन गर्न र निजी क्षेत्रको मनोबल उच्च राख्न नेपाल सरकारबाट हुने लगानी, सहयोग र प्रतिवद्धता सुनिश्चित गरिने छ ।

(ग) नीति ९.३ सँग सम्बन्धित रणनीतिहरू देहाय बमोजिम हुनेछन् :-

१०.७ सार्वजनिक-निजी साझेदारी अर्न्तगत् राष्ट्रिय तथा स्थानीय स्तरमा कार्यान्वियन गर्न सकिने आयोजनाहरूको पहिचान, प्राथमिकीकरण, सम्भाव्यता अध्ययन र आयोजनाको प्रारूप तयार गर्ने कार्यमा निजी क्षेत्रमा उपलब्ध क्षमता, दक्षता, एवं नवीनतम प्रविधिलाई आवश्यकतानुसार उपयोग गरिने छ ।

१०.८ सार्वजनिक-निजी साझेदारी सम्बन्धी आयोजनाहरूको निर्माण र व्यवस्थापनमा निजी क्षेत्रमा उपलब्ध व्यवसायिकता, उद्यमशीलता र प्रभावकारितालाई सदुपयोग गरिने छ ।

१०.९सार्वजनिक-निजी साझेदारी सम्बन्धी आयोजनाहरूको दिगो सञ्चालन तथा मर्मत संभारमा निजी क्षेत्रको  जिम्मेवारी सुनिश्चित गरिने छ ।

## ११. कार्यनीति

### ११.१ सार्वजनिक निकायमा सार्वजनिक-निजी साझेदारीको अवधारणा

(१) देशको सार्वजनिक पूर्वाधार एवं सेवाहरूको विकासका सन्दर्भमा प्रचलित सार्वजनिक-निजी साझेदारीका देहायका मान्यताहरूअङ्गीकार गरिनेछ :

(क) सार्वजनिक-निजी साझेदारीलाई सार्वजनिक निकाय र निजी निकाय बिच एक निश्चित समयका लागि हुने करारको रूपमा लिई यस अर्न्तगत् निजी निकायले आयोजनाको लगानी, निर्माण-सञ्चालन, मर्मत सम्भारका सबै वा केही पक्षमा आंशिक वा पूर्ण रूपले सिर्जना हुने सम्भावित जोखिम वहन गर्ने व्यवस्था मिलाउनुका साथै त्यस्तो निकायले उचित मुनाफा लिई सार्वजनिक वा निजी सम्पत्तिको निर्माण र/वा सञ्चालन र/वा मर्मत सम्भार र/वा प्रयोगका माध्ययमबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सार्वजनिक सेवा प्रदान गरेको हुनुपर्नेछ।

(ख) सार्वजनिक निकायले नीतिगत, कानूनी, संस्थागत, र आर्थिक व्यवस्थाको माध्यमबाट निजी क्षेत्रको लगानीलाई सहज बनाउने वातावरणको सिर्जना गर्नुपर्नेछ ।

(ग) सार्वजनिक पूर्वाधार निर्माण तथा सेवा प्रवाहको लागि निजी निकायले एक निश्चित समयसम्म सो पूर्वाधार सेवा प्रवाह गरी सो बापत प्राप्त हुने दस्तुरको निश्चित अंश लिई आफ्नो लगानीको प्रतिफल प्राप्त गर्ने आधार सुनिश्चित गरिएको हुनुपर्नेछ ।

(घ) सार्वजनिक-निजी साझेदारीमा निर्माण हुने पूर्वाधार सेवाको निर्माण र सञ्चालनको समयमा कुनै भवितव्य वा अन्य असामान्य अवस्था भई ठूलो नोक्सानी भएमा वा सम्झौता परिपालन गर्न असंभव भएमा त्यसबाट पर्नसक्ने जोखिम व्यहोर्ने निश्चित मापदण्ड र आधार आयोजना सम्झौता गर्दाकै अवस्थामा सुनिश्चित गरिएको हुनुपर्नेछ ।

(ङ) निजी निकायले निर्माण र सञ्चालन गरेको पूर्वाधार सेवा सम्बन्धी आयोजना सम्झौतामा तोकिएको समयपछि सो सम्पत्ति, पूर्वाधार तथा सेवा सार्वजनिक निकायको स्वामित्व र सञ्चालनमा आउने व्यवस्था गरिएको हुनुपर्नेछ ।

(२) सार्वजनिक निकायहरूले आफ्नो नीति, योजना तथा कार्यक्रममा सार्वजनिक-निजी साझेदारीको अवधारणालाई अवलम्बन गर्न सक्नेछन् ।

(३) सार्वजनिक निकायहरूले गर्ने कार्यहरू मध्ये सार्वजनिक-निजी साझेदारीमा गर्न सकिने कार्यहरूको पहिचान गरी त्यस्ता कार्यमा निजी क्षेत्रलाई सहभागी गराउनेव्यवस्था सुनिश्चित गरिने छ ।

(४) माथि बुँदा नं.११(१) मा उल्लिखित मान्यता भएका आयोजनाहरूमा सामान्यतया राष्ट्रिय तथा स्थानीय स्तरका सबै सार्वजनिक-निजी साझेदारी आयोजनामा सार्वजनिक-निजी साझेदारी नीति लागू गरिने छ ।

*तर नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति भएमा कुनै सार्वजनिक-निजी साझेदारी आयोजनालाई सार्वजनिक-निजी साझेदारी नीतिको परिधिबाट पूर्णरूपमा बाहिर राख्न सकिने छ ।*

(५) सार्वजनिक-निजीसाझेदारी आयोजनामा देहायका विशेषता मध्ये अधिकांशविशेषताहरूको समिश्रण भएको हुनुपर्नेछ :

(क) आयोजनाको सम्झौता अवधि स्पष्ट निर्धारण गरिएको ।

(ख) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना(Rehabilitation)/आधुनिकीकरण गर्ने उद्देश्यका लागि निजीनिकायको पूर्ण वा आंशिक पुँजीलगानीभएको ।

(ग) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवाप्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी आयोजनाको व्यवस्थापन सम्झौता भएको ।

(घ) निजी निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक(Benchmark)अनुसारको कार्यसम्पादनसँगआबद्ध भुक्तानीको व्यवस्था भएको ।

(ङ) निजी निकायबाट पूर्ण र/वा आंशिक रूपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्थास्वीकार गरिएको ।

(च) सार्वजनिक तथा निजी निकायबाट हस्ताक्षरित आयोजनाको आयोजना सम्झौतामा माथि उल्लिखित बाध्यकारी विशेषताहरू उल्लेख गरिएको ।

(६) सार्वजनिक-निजी साझेदारीका विभिन्न स्वरूपहरूमा एकातर्फ निजी लगानी बिनाको सार्वजनिक सम्पत्ति प्रयोग गरे बापत निजी निकायले रोयल्टी र/वा भाडा र/वा लिज बापतको शुल्क बेहोर्ने वा नबेहोर्ने गरी निजी निकायलाईसञ्चालन तथाव्यवस्थापनको पूर्ण जिम्वेवारी दिइएको अवस्था हुनेछ भने अर्कोतर्फ अधिकतम निजी लगानी लाग्ने आयोजनाको डिजाइन, निर्माण, स्वामित्व, सञ्चालन, तथा स्वामित्व हस्तान्तरण सम्मका कार्यहरूपर्नेछन् । यस बीचमा पर्न सक्ने सम्पूर्ण सम्भावित स्वरूपहरू सार्वजनिक-निजी साझेदारी आयोजनाको स्वरूप हुनेछन । यस्ता आयोजनाको उपयुक्तता तथा स्वरूप निर्धारण गर्दा देहायका बुँदाहरूको आधारमा निर्धारण गरिनेछ :-

(क) आयोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरूप भएको ।

(ख) आयोजनाका लागि निजी क्षेत्रको साधन स्रोत उपलब्ध/आकर्षित भएको ।

(ग) आयोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत संभारमा निजी क्षेत्रले वहन गर्न सक्ने भुमिका भएको ।

(घ) सम्भावित लगानीकर्ताहरूद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको ।

(ङ) उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको ।

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरूद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको ।

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरूप निर्धारण भएको ।

(ज) सार्वजनिक क्षेत्रको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको ।

(झ) आयोजना सम्झौताको अवधि उल्लेख भएको ।

(ञ) जटिल प्रकृतिका सार्वजनिक-निजी साझेदारी सम्झौताहरू कार्यान्वयन गर्न सक्ने मानवसंसाधनको उपलब्धता भएको ।

(७) सार्वजनिक-निजी साझेदारीका अन्य स्वरूपहरूमा सेवाकरारअन्तर्गत्‌व्यवस्थापन करार र साझेदारी करारहरू समेत पर्न सक्नेछन् ।

(८) सार्वजनिक-निजी साझेदारी अन्तर्गतका विशिष्ट किसिमका आयोजनाहरूमा सहभागी हुने निजी निकायले देहाय मध्येका सम्बद्ध सबै सर्तहरु पूरा गर्नुपर्नेछः-

(क) पूर्वाधार सेवाको उपयोग गर्ने उपभोक्ताबाट सार्वजनिक निकायसँग गरिएको सम्झौतामा तोकिएको व्यवस्था बमोजिम निश्चित शुल्क सङ्कलन गर्ने ।

(ख) सरकार वा अधिकार प्राप्त निकायले गरेको वा पट्टामा लिएको जग्गा आयोजना सम्झौता बमोजिम सार्वजनिक पूर्वाधार सेवाको निर्माण र सञ्चालनका अतिरिक्त व्यवसायिक प्रयोजनका लागि पनि प्रयोग गर्नु परेमा निर्देशक समितिको पूर्व स्वीकृति लिने ।

(ग) आयोजना सम्झौताको अवधि समाप्ति पश्चात् सार्वजनिक सम्पत्तिआयोजना कार्यान्वयन गर्ने निकायमा हस्तान्तरण गर्ने ।

(घ) निजी निकायले सम्बद्ध वित्तीय, प्राविधिक तथा सञ्चालन जोखिम बहन गर्ने ।

(ङ) कार्य सम्पादन आबद्ध भुक्तानी प्राप्त गर्ने ।

## ११.२ सार्वजनिक निजी साझेदारी अर्न्तगत् कार्यान्वयन हुने आयोजनाहरू

(अ) नेपाल सरकार, सार्वजनिकसङ्गठित संस्थाहरू वा स्थानीय निकायहरूले सार्वजनिक-निजी साझेदारीका आयोजनाको स्वरूप निर्धारण गर्दा देहायको विशेषता भएका वा हुने आयोजनाहरूलाई मात्र कार्यान्वयनमा ल्याइने छ :-

(क) उपभोग गरेबापत लाग्ने शुल्कसम्बन्धीनीति तथा दर स्पष्ट व्यवस्था भएको ।

*यदि प्रत्यक्ष उपभोग शुल्कको व्यवस्था नहुने भएमा कुन विधि र प्रक्रिया अनुसार के, कस्तो पूर्वाधार सेवा प्रदान गरेमा के, कति, कसरी र कहिले निजी क्षेत्रले भुक्तानी प्राप्त गर्ने हो सो सम्बन्धीस्पष्टव्यवस्था भएको ।*

(ख) सार्वजनिक तथा निजी निकायहरूबीच स्पष्ट जिम्मेवारी तोकिएको ।

(ग) जुन निकायले जुन जोखिम वहन गर्न सारभूत रुपमा बढी सक्षम रहन्छ सोही निकायले सो जिम्मेवारी वहन गर्ने व्यवस्था भएको ।

(घ) सम्झौताको कार्यान्वयनका लागि विस्तृत र पर्याप्त व्यवस्थापन गर्नेप्रावधान उल्लेख भईइस्पेसिफिकेसन,सेवा स्तरको विवरण र सो सेवा प्रदान गरे वा नगरे बापत निजी निकायले प्राप्तगर्ने भुक्तानी, प्रोत्साहन तथा जरिवानाको स्पष्ट व्यवस्थाका साथै गुनासो तथा उजुरी सुन्ने उचित व्यवस्था भएको ।

(ङ) सम्झौता अवधिमा पुराना तथा नयाँ निर्माण/व्यवस्था गरिएका सम्पत्तिहरूको स्वामित्वको सम्बन्धमा स्पष्ट व्यवस्था भएको ।

(च) आयोजनाको समग्र चक्रको प्रत्येक तहमा प्रभावकारी अनुगमनको व्यवस्था भएको ।

(छ) प्रतिफलमा आधारित भुक्तानी, प्रोत्साहन र जरिवानाको व्यवस्था उल्लेख भएको ।

(आ) देहायका आयोजनाहरूलाई सार्वजनिक निजी साझेदारी मानिने छैन :-

(क) आयोजना सम्बन्धी वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम र/वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने ।

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने ।

(ग) सरकारी निर्णयले सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने ।

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान/चन्दा वा उपहार प्राप्त हुने ।

(ङ) देशको सुरक्षासम्बन्धी प्राबधानहरू उल्लेख हुने ।

### ११.३पूर्वाधारका प्राथमिकताको पहिचान

(१) सार्वजनिक-निजीसाझेदारीआयोजनाहरूपहिचानगर्दासार्वजनिकनिकायहरूलेसार्वजनिक हित सुनिश्चित हुने गरी आ-आफ्नो जिम्मेवारी पूरागर्न आवश्यकपर्ने लगानी/आयोजना/सेवालाई समावेश गरिने छ । सार्वजनिक-निजी साझेदारी आयोजनाको सूची बनाउँदा सम्भावित सबै प्रस्तावित सार्वजनिक-निजी साझेदारी आयोजनाहरूको पहिचान र मार्गदर्शन निर्देशिका अनुसार परीक्षण गरिने छ ।

(२) सार्वजनिक-निजी साझेदारीको दृष्टिकोणबाट राष्ट्रिय र स्थानिय स्तरका प्राथमिकता प्राप्त क्षेत्र देहाय बमोजिम हुनेछनः-

(क) भौतिक पूर्वाधार र यातायात (सडक, पुल, विमानस्थल, रेलमार्ग, केवलकार, रोपवे र सबै बन्दरगाह)।

(ख) विद्युत् क्षेत्र (उत्पादन, प्रसारण र वितरण सम्बन्धी सबै वा अलग-अलग)तथाअन्य प्रकारका ऊर्जा ।

(ग) सूचना र सञ्चार क्षेत्र ।

(घ) सहरी तथा ग्रामीण वातावरण क्षेत्र(जस्तैः- फोहोरमैला व्यवस्थापन, पिउने पानी, ढल निकास र सरसफाइ) ।

(ङ) शिक्षा, स्वास्थ्य सम्बन्धी पूर्वाधार तथा सेवा, पर्यटन पूर्वाधार (होटल र आवास बाहेक) काअन्य सबै क्षेत्र ।

(च) सेवा र सुविधाजन्य सहरी पूर्वाधारहरू।

(३) स्थानीयस्तरमासार्वजनिक-निजीसाझेदारीआयोजनाहरूकोनिश्चितप्रकारको प्राथमिकीकरण आवश्यक हुने छैन । स्थानीय स्तरमा सार्वजनिक-निजी साझेदारी अर्न्तगत् सञ्चालन हुने आयोजनाको प्राविधिक-आर्थिक र बजार सम्भाव्यता नै कार्यान्वयनका लागि निर्णायक मापदण्ड हुनेछन् ।

(४) आयोजनाको लागत, कार्यान्वयन अवधि, सेवाको शुल्क, पूर्वाधारको परिमाण र गुणस्तर एवं जोखिम/लाभ बाँडफाँडजस्तामापदण्डहरूलाई ध्यानमा राखी निम्न परिणामहरू प्राप्त हुनेआयोजनालाई सार्वजनिक-निजी साझेदारी आयोजनाको रूपमा छनौट गरी कार्यान्वयन गरिनेछ :-

(क) सेवाको पहुँच र गुणस्तरमा अभिवृद्धि हुने ।

(ख) आर्थिक पूर्वाधार क्षेत्रमा लगानी गर्दादेहाय बमोजिमका नतिजा सुनिश्चित भएकोः-

(अ)विद्यमान सार्वजनिक सेवामा वृद्धि हुने ।

(आ)नेपालको अर्थतन्त्रलाई आर्थिक लाभको सुनिश्चितता हुने ।

(इ)सरकारी एवं स्थानीय निकायका कोषको अधिकतम प्रभावकारी परिचालन हुने ।

(ई) उच्चस्तरीय नवीनतम प्रविधिको प्रयोगहुने।

(५) आयोजनाको विस्तृत सम्भाव्यताअध्ययनबाट प्राप्त परिणामका आधारमा सार्वजनिक-निजी साझेदारीको उपयुक्तता तथा स्वरूप निर्धारण गरिनेछ ।

(६) आयोजनाको उपयुक्तताको लेखाजोखा(Appraisal)गरिनेछ ।

(७) बुँदा ११.३ कोउपदफा (३), (४) र (५) मा उल्लिखित व्यवस्थाका आधारमा सार्वजनिक-निजी साझेदारी आयोजनाको उपयुक्तता निर्धारणका लागि सम्भाव्यता अध्ययनगर्दा देहाय बमोजिम गरिने छः-

(क) आयोजनाको अध्ययनसम्बन्धी कार्य सञ्चालन आयोजना कार्यान्वयन गर्ने निकायले गर्नेछ ।

(ख) जटिल तथा पहिलो पटक कार्यान्वयनमा आउने नवीन प्रकृतिकाआयोजनाहरूमा सम्भाव्यता अध्ययनका सम्बन्धमा सरोकारवालाहरूसँग परामर्श गरीनिर्क्योल गरिनेछ ।

*(<u>जटिल आयोजना भन्नाले</u> नेपाल सरकारका लागि रणनीतिक दृष्टिले महत्वपूर्ण आयोजना वा विगतमा सञ्चालनमा नआएका आयोजनाहरू जसमा सार्वजनिक-निजी साझेदारीको संरचना, वित्तीय सम्भाव्यता कार्यान्वयनसम्बन्धीचुनौतीहरूभएका आयोजनालाई बुझ्नुपर्दछ ।)*

(ग) माथि खण्ड (ख) मा उल्लेख भए अनुरूपको विश्लेषण खरिद प्रक्रिया सुरु हुनुपूर्व आयोजनाको तयारीएवं संरचनात्मक बन्दोबस्त(Project structuring)निर्क्योल गर्दाको समयमा नै गरेको हुनु पर्नेछ ।

(घ) अध्ययन पश्चात् आयोजनाको उपयुक्तताको लेखाजोखा(Appraisal) गरी कार्यान्वयनमा लैजाने वा नलैजाने बारे निर्णय गरिनेछ । यसरी निर्णय गर्नुअघि आयोजनाको लागत, कार्यान्वयनको समय, सेवा शुल्क, पूर्वाधार सेवाको परिमाण रस्तर लगायत  लाभ तथा जोखिमको बाँडफाँड समेतलाई ध्यान दिई निर्धारण गरिनेछ । यस प्रयोजनको लागि आयोजनाको उपयुक्त संरचानात्मक बन्दोबस्त सम्बन्धी निर्णय गर्दा विकल्प विश्लेषण तथा सम्भाव्यता अध्ययनको प्रक्रिया अवलम्बन गरिनेछ ।

**११.४ साझेदारी अवधारणाको कार्यान्वयन**

(१) सबै सार्वजनिक निकायहरूले सार्वजनिक-निजी साझेदारीका लागि आ-आफ्नो क्षेत्रसँग सम्बन्धित प्राथमिकता प्राप्तक्षेत्रहरूको पहिचान र निर्धारण गर्नेछन् यसको लागि निजी क्षेत्रसँग परामर्श बैठकहरू गर्न सकिनेछ ।

(२) पहिचान गरिएका क्षेत्रहरूमा आधारित रहेर सबै सार्वजनिक निकायहरूले सार्वजनिक-निजी साझेदारीका आयोजनाहरूको छनौट, स्वरूप तथा उपयुक्तता निर्धारण गर्नेछन् ।

(३) आयोजना कार्यान्वयन गर्ने निकायले समय समयमा देहायका विषयमा ध्यान दिई सार्वजनिक-निजी साझेदारी आयोजनाहरूकोप्राथमिकता निर्धारण गर्नेछ :-

(क) आयोजनाबाट प्राप्त हुने आर्थिक, सामाजिक, तथा वित्तीय लाभ ।

(ख) आयोजना कार्यान्वयनगर्दा अर्थतन्त्रका अन्य क्षेत्रहरूमा विकसित हुनसक्ने अपेक्षित प्रतिफल ।

(ग) आयोजनाद्वारा विकसित सम्पत्ति वा सार्वजनिक सेवाको माग र आपूर्ति बिचअन्तरको स्थिति ।

(घ) निजी निकायहरूलाई त्यस्ता आयोजनाहरूमा संलग्न गराई सेवा प्रवाहको गुणस्तरमा अभिवृद्धि गर्न सक्ने क्षमता ।

(४) आयोजनाको विकास गर्न इच्छुक निजी क्षेत्रलाई सो कार्य गर्न आह्वान गर्न सकिनेछ ।

(५) नेपाल सरकारको सम्बन्धित निकायले आफ्नो तर्फबाट समेत सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने आयोजनाको विकास गर्न सक्नेछ ।

(६) पहिचान गरिएको आयोजनालाई सार्वजनिक-निजी साझेदारी आयोजनाको रूप प्रदान गर्न सो आयोजनाको विस्तृत विवरण आयोजना कार्यान्वयन निकायलेराष्ट्रिय योजना आयोगलाई उपलब्ध गराउनु पर्नेछ । राष्ट्रिय योजना आयोगले आवश्यक विश्लेषण गरी आयोजनालाई सार्वजनिक-निजी साझेदारी आयोजनाको रूपमा मान्यता दिइसकेपछि मात्रआयोजना कार्यान्वयन निकायले त्यस्ता आयोजनाको तयारी प्रारम्भ गराउने छ।

(७) यो नीतिआयोजना कार्यान्वयन गर्ने सबै निकायमा लागू हुनेछ । आयोजना कार्यान्वयन गर्ने निकायलेसार्वजनिक-निजी साझेदारी सम्बन्धी आयोजनाहरू कार्यान्वयन गर्न आयोजनाहरूको तयारी, सम्भाव्यता अध्ययन, निजी क्षेत्रको छनौट, अनुगमन तथा रेखदेख गर्नेछ ।

(८) रु.पाँच करोड भन्दा थोरै लागत (Project Outlay) हुने आयोजनाहरूकासम्बन्धमा यस्ताआयोजनाहरूको कार्यान्वयन, सञ्चालन तथा हस्तान्तरणकालागिसम्बन्धितसार्वजनिक निकायका प्रमुखले आवश्यक नीति तथा प्रक्रिया तर्जुमा गरी लागू गर्न सक्नेछन् ।

*स्पष्टीकरण : अनुमानित आयोजना लागत* (Estimated Project Outlay)*भन्नाले देहाय मध्ये जुन बढीहुन्छ त्यसै लाई जनाउने छ ।*

*(क) आयोजना कार्यान्वयन गर्ने निकायले सम्भाव्यता अध्ययनमाउल्लेख गरेको आयोजना विकासमा लाग्ने रकम, र/वा*

*(ख) सम्भाव्यता अध्ययनका क्रममा उल्लिखित सार्वजनिक निकायबाट निजी निकायमा जाने जम्मा अनुमानित रकमको खुद वर्तमान मूल्य (पछिल्लो सरकारी ऋणपत्रको दरमा दुईप्रतिशत थप गर्दा हुनआउने रकम) ।*

**११.५ आयोजनाको प्रारूप तयारीमा निजी क्षेत्रको उपयोग**

(१) सार्वजनिक निकायले सार्वजनिक-निजी साझेदारीको लागि तोकिएका प्राथमिकताप्राप्त आयोजनाको तयारीमा निजी क्षेत्रको व्यक्ति वासंस्थालाईसहभागी बनाउन आवश्यक देखिएमा सो प्रक्रियालाई अघि बढाउन सक्नेछ ।

(२) प्राथमिकीकरण गरिएका सबै आयोजनाहरूका लागि यस नीतिका प्रावधानहरू बमोजिम विस्तृतसम्भाव्यता अध्ययन र आयोजना खरिद प्रक्रिया सम्बन्धी कागजाततयार गरी प्रस्तुत गरिने छ । आयोजना खरिद प्रक्रियामासार्वजनिक-निजी साझेदारी आयोजनाका लागि तयार गरिएको आशयपत्र/योग्यताका लागि दरखास्त/प्रस्तावसम्बन्धी कागजात तथाआयोजना सम्झौताकोमस्यौदा समेत संलग्नहुनु पर्नेछ ।

(३) कुनै निश्चित आयोजना विशेषको सम्बन्धमा निजी निकायबाट आयोजना सम्बद्ध थप विवरणहरू माग भएमा कानुन बमोजिम उपलब्ध गराउन सकिने विवरणहरूआयोजना कार्यान्वयन गर्ने निकायले उपलब्ध गराउने छन् ।

(४) सार्वजनिक-निजी साझेदारी आयोजनाकोसूची बनाउँदा सम्भावित सबै प्रस्तावित सार्वजनिक-निजी साझेदारीआयोजनाहरूको पहिचान र परीक्षण गर्नुपर्नेछ ।

(५) प्रस्तावित आयोजना यो नीति बमोजिमप्रथम पटक कार्यान्वयनमा आउने भएमा वा नवीन प्रकृतिको प्रबिधि वा तरिका प्रयोग गरिने भएमा वा प्रस्तावित आयोजनाको विस्तृत अध्ययन वा परीक्षण गर्नुपर्ने भएमावा निजी क्षेत्रको संलग्नताको संभावना वृद्धि हुने भएमा त्यस्तो आयोजनाको तयारी विशेष प्राथमिकताका साथ गरिनेछ ।

(६) आयोजना तयारीको सिलसिलामा आवश्यक पर्ने वातावरणीय तथा अन्य सम्बन्धितक्षेत्रकोसैद्धान्तिक अनुमति र स्वीकृतिका सम्बन्धमाआयोजना कार्यान्वयन निकायले सहजीकरण गर्ने जिम्मेवारी वहन गर्नेछ । तर सो सम्बन्धी अन्तिम स्वीकृति प्राप्त गर्ने कार्यआयोजना कार्यान्वयनको जिम्मेवारी प्राप्त गर्ने निजी निकायको हुनेछ ।

## ११.६ आयोजनाउपयुक्तताको लेखाजोखा (Appraisal) र स्वीकृति

(१) आयोजना छनौट र सो सम्बन्धी तयारी गरिएका सम्भाव्यता अध्ययन, उपयुक्तताको लेखाजोखा(Appraisal), प्रस्ताव माग गर्ने सम्बन्धी कागजात र नमुना आयोजना सम्झौताकोस्वीकृति प्राप्त भएपछि मात्र खरिद प्रक्रिया सुरु गर्न सकिने छ । यस अन्तर्गत सञ्चालन हुने प्रस्तावित आयोजनाको उपयुक्तताको परीक्षण र स्वीकृति प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) केन्द्रीय र स्थानीयस्तरमा सञ्चालन हुने सबैआयोजनाहरूकोसम्भाव्यता अध्ययन गरिनेछ । आयोजनाको खरिद प्रक्रिया प्रारम्भगर्नु अगावै आयोजना खरिद सम्बन्धी कागजात, मस्यौदा आयोजना सम्झौता र सो को सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा (Appraisal)गर्ने/गराउने सम्बन्धीकाम आयोजना कार्यान्वयन निकायबाटसम्पन्न गर्नुपर्नेछ ।

(ख) रु. दस करोड वा सोभन्दा धेरै लागत भएका आयोजना र/वासम्भाव्यता न्यून परिपूर्तिकोष (VGF)आवश्यक भएका र/वा सरकारबाट वित्तीय सहयोग प्राप्त हुने आयोजनाका लागि सम्भाव्यता अध्ययन, आयोजना सम्झौता र आयोजना खरिद सम्बन्धी कागजातहरू आयोजना कार्यान्वयन निकायले तयार गराई उपयुक्तताकोलेखाजोखा(Appraisal)का लागिसार्वजनिक-निजी साझेदारी केन्द्रमाप्रस्तुत गर्नुपर्नेछ ।

(ग) रु. दस करोड भन्दा कम लागत भएका आयोजनाहरूको हकमाआयोजना कार्यान्वयन निकायले सार्वजनिक-निजी साझेदारी केन्द्रबाटउपयुक्तताको लेखाजोखा(Appraisal)गराई वा नगराई आफैंले आयोजनाको तयारी, उपयुक्तताकोलेखाजोखा (Appraisal)र सम्बन्धित कागजात स्वीकृत गर्नसक्नेछन् ।

(घ) स्थानीय निकाय नै आयोजना कार्यान्वयन निकाय भएको अवस्थामासम्भाव्यता न्यून परिपूर्ति कोष(VGF) वा नेपाल सरकारबाट अन्य कुनै वित्तीय सहयोग प्राप्त हुने आयोजनाको हकमा सार्वजनिक-निजी साझेदारी केन्द्रबाट त्यस्तो उपयुक्तताको लेखाजोखा(Appraisal)गराउने जिम्मेवारीसम्बन्धित स्थानीय निकायको हुनेछ ।

(ङ) सम्भाव्यता न्यून परिपूर्ति कोष(VGF) वा अन्य केन्द्रीय अनुदान आवश्यक नहुने आयोजनाहरूको हकमा स्थानीय निकायले सार्वजनिक-निजी साझेदारी केन्द्रबाट सम्बन्धित कागजातहरुको लेखाजोखा (Appraisal)गराउने वा नगराउने आफैं निर्णय गर्न सक्नेछन् ।

(च) आयोजना कार्यान्वयन निकायले अनुरोध गरेकोआयोजनाको उपयुक्तताको लेखाजोखा(Appraisal) सम्बन्धी दस्तावेजसार्वजनिक-निजी साझेदारी केन्द्रले तयार गरी सम्भाव्यता अध्ययन सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत राखी सम्बन्धित आयोजना कार्यान्वयन निकायमापठाउने छ ।

(छ) सार्वजनिक-निजीसाझेदारी केन्द्रले आफूले उपयुक्तताको लेखाजोखा(Appraisal)गरेका सबै आयोजनाहरूको कार्यान्वयन गर्दानेपाल सरकारमा पर्नसक्नेआकस्मिकदायित्वकोअभिलेख राख्नुपर्नेछ । त्यस्तो दायित्वको विवरण सार्वजनिक-निजी साझेदारी केन्द्रले अर्थ मन्त्रालयमार्फत् नेपालसरकारलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) सार्वजनिक-निजी साझेदारी केन्द्रले उपयुक्तताकोलेखाजोखा(Appraisal)गर्ने सम्बन्धमा आवश्यक परेमा आयोजना कार्यान्वयन निकायले उचित कारण देखाई सम्भाव्यता अध्ययन र आयोजना खरिद सम्बन्धी कागजातको उपयुक्तताको लेखाजोखा(Appraisal)दुई चरणमा गर्न गराउन सक्नेछ ।

(३) सार्वजनिक-निजी साझेदारी अन्तर्गत्का आयोजनाको अध्ययन, उपयुक्तताकोलेखाजोखा,(Appraisal), आयोजना खरिद सम्बन्धी कागजात र आयोजना सम्झौताका विवरणहरूको स्वीकृति देहायबमोजिम हुनेछः-

(क) आयोजना कार्यान्वयन निकाय राष्ट्रियस्तरको निकाय भएमा (लगानी बोर्ड बाहेक) र/वा आयोजनाको लागत रु.पचास करोड भन्दा कम भएमा र/वा सम्भाव्यता न्यून परिपूर्ति कोष(VGF)र/वा सरकारबाट अन्य कुनै वित्तीय सहयोग आवश्यक नपर्ने भएमा सार्वजनिक-निजी साझेदारी केन्द्रबाट सम्भाव्यता अध्ययन र अन्य कागजातको लेखाजोखा भएपश्चात सम्बन्धितआयोजना कार्यान्वयन निकायको

कार्यकारी प्रमुखले खरिदप्रक्रिया प्रारम्भ हुनु अगावै सम्भाव्यता अध्ययन र आयोजना खरिद सम्बन्धी कागजात सहित आयोजनालाई खरिद प्रक्रियामा लैजान स्वीकृति दिन सक्नेछ ।

(ख) त्यस्ता आयोजनाहरू स्थानीय स्तरका भएमा र सम्भाव्यता न्यून परिपूर्ति कोष(VGF) लगायत अन्य केन्द्रीय अनुदान आवश्यक नपर्ने भएमा सम्बन्धितस्थानीय निकायलेसार्वजनिक-निजी साझेदारीकेन्द्रले जारी गरेको मार्गनिर्देशन अनुसार आफैंउपयुक्तताको लेखाजोखा(Appraisal) गर्ने वा सार्वजनिक-निजी साझेदारीकेन्द्रको राय सुझाव लिने सम्बन्धमा आफैं निर्णय गर्न सक्नेछ ।

(ग) उपदफा ११.६ को ३(क) मा उल्लिखित रकम वा सोभन्दा बढीको लागत अनुमान भएका आयोजना र/वा सम्भाव्यता न्यून परिपूर्ति कोष(VGF) आवश्यक भएका आयोजना र/वासरकारबाट अन्य कुनै वित्तीय सहयोग आवश्यक पर्ने आयोजना भएमासार्वजनिक-निजी साझेदारीकेन्द्रको राय सुझाव सहितखरिद प्रक्रिया प्रारम्भ हुनु अगावै सम्बन्धित आयोजनाकार्यान्वयन निकायले आयोजना स्वीकृतिका लागि सार्वजनिक-निजी साझेदारी निर्देशक समितिमा पेश गर्नुपर्नेछ ।

(घ) सम्भाव्यता अध्ययनकोउपयुक्तताकोलेखाजोखा (Appraisal) को विस्तृत विवरण हेरी आयोजना खरिद सम्बन्धी कागजातहरूको अध्ययनका आधारमा निर्देशक समितिले उपयुक्त देखेमा आयोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिनेछ ।

(४) स्थानीय निकाय आफैं आयोजना कार्यान्वयन निकाय भएको र/वासम्भाव्यता न्यून परिपूर्ति कोष(VGF)र/वा सरकारबाट अन्य कुनै वित्तीय सहयोग आवश्यक भएमा सार्वजनिक-निजी साझेदारी निर्देशक समितिको स्वीकृति आवश्यक पर्नेछ ।तर सम्भाव्यता न्यून परिपूर्ति कोष तथा केन्द्रीय सरकारी वित्तीय सहयोग आवश्यक नपर्ने जतिसुकै लागत अनुमान भएका सार्वजनिक निजी साझेदारी आयोजना सबै स्थानीय निकायहरूले आफैं स्वीकृत गरि कार्यान्वयन गर्न सक्नेछन ।

(५) लगानी बोर्ड नेपाल आयोजना कार्यान्वयन निकाय भएमा आयोजना लागत जतिसुकै भएतापनि सार्वजनिक-निजी साझेदारी आयोजनाकालागि सम्भाव्यता न्यून परिपूर्ति कोष(VGF)वा केन्द्रीय अनुदानआवश्यक भएमा मात्र सार्वजनिक-निजी साझेदारी निर्देशक समितिको स्वीकृति आवश्यक हुनेछ । सम्भाव्यता न्यून परिपूर्ति कोष(VGF)वा केन्द्रीय अनुदान आवश्यक नपर्ने आयोजनाहरूका लागि लगानी बोर्ड ऐनमा भएको स्वीकृति सम्बन्धी व्यवस्था लागू हुनेछ ।

(६) माथिउल्लिखित जुनसुकै अवस्थामा, स्वीकृति दिने निकाय वा अधिकारीले सम्बन्धित आयोजना कार्यान्वयन निकायलाई आयोजनाको विशेषता/ढाँचा, सम्भाव्यता अध्ययन, र आयोजना खरिद सम्बन्धी कागजातको नमुनामाकुनै परिमार्जन गर्न आवश्यक देखेमा संशोधनको आदेश दिन सक्नेछ । स्वीकृति दिने निकाय वा अधिकारीले

त्यस्ताकागजातहरूमा उल्लेख हुनुपर्ने विषयमा आवश्यक सर्त सहित आयोजनालाई स्वीकृति दिन सक्नेछ । यस्तो स्वीकृति पश्चात् खरिद प्रक्रिया प्रारम्भ गर्न सकिनेछ ।

(७) आयोजना प्रस्ताव प्राप्त गर्नु अघि स्वीकृत भइसकेको आयोजना खरिद सम्बन्धी कागजात वा अनुमानित आयोजना लागत वा आयोजनाको सान्दर्भिक पक्ष वा आयोजना खरिदको प्रक्रियामा (प्रशासनिक प्रकृतिका परिवर्तन बाहेक) कुनै संशोधन गर्नुपरेमा सम्बन्धित अधिकारी वा निकायले पुनःअधिकार प्राप्त अधिकारी वा निकायको स्वीकृति लिनुपर्नेछ ।

(८) निजी निकायसँग आयोजना सम्झौता गर्नुपूर्व आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन, आयोजना खरिदसम्बन्धी कागजात, प्रस्तावकहरूका विवरण, र उपयुक्त ठानिएको प्रतिस्पर्धीकोविवरणसमेत सार्वजनिक-निजीसाझेदारी आयोजना कार्यान्वयन निकायले पुनरावलोकनका लागि आयोजना स्वीकृत गर्ने अधिकारी वा निकायसमक्ष पेस गर्नेछ ।

(९) आयोजना स्वीकृत गर्ने निकाय वा अधिकारीले आवश्यक देखेमा सार्वजनिक निजी साझेदारी केन्द्रको राय लिई आयोजना स्वीकृतिगरी सम्बन्धित आयोजना कार्यान्वयन निकायमा पठाउनु पर्नेछ ।

**११.७ आयोजनाको खरिद प्रक्रिया**

(१) सार्वजनिक-निजी साझेदारी अर्न्तगत् कार्यान्वयन हुने आयोजनाहरूको खरिद प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) आसयपत्र(Request for Expression of Interest, REOI) मागगर्ने ।

(ख) योग्यताका लागि दरखास्त माग(Request for Qualification, RFQ)गर्ने ।

यसरी योग्यताका लागि दरखास्त माग गर्दा कागजातमा उल्लिखित मापदण्डका आधारमा योग्यतामा छनौट भएकादरखास्तवालाहरूको सङ्क्षिप्त सूची सार्वजनिक गर्ने ।

(ग) प्रस्तावको माग(RFP) गर्ने ।

(घ) प्रस्तावहरूको मूल्याङ्कन गरी योग्य प्रस्तावदाताहरूको छनोट गर्ने ।

(ङ) प्रस्ताव स्वीकृत गर्ने ।

(च) आयोजनासम्झौता गर्ने ।

(२) खरिद प्रक्रियामा अपनाइएको विधिअनुसार योग्यताको चरण (RFQ) र प्रस्तावको चरण (RFP)गरी एक वा दुई चरणमा प्रस्ताव माग गर्न सकिनेछ । यस सम्बन्धीव्यवस्था देहाय बमोजिम हुनेछनः-

(क) रु. दश करोड रुपैयाँभन्दा कम आयोजना लागत भएका आयोजनाहरूको हकमा योग्यता सम्बन्धी दरखास्त र प्रस्तावसम्बन्धी विवरणहरू छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्नसकिनेछ ।

(ख) प्रथम चरणमा उल्लिखित प्राविधिक प्रस्तावहरूको छनौट नगरी दोस्रो चरणको आर्थिक प्रस्ताव खोलिने छैन ।

(ग) पूर्वनिर्धारित मापदण्डको आधारमा प्राविधिक प्रस्तावमा छनौट भएका प्रस्तावदाताहरूको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

(घ) रु. एक अर्ब रुपैयाँभन्दा बढी आयोजना लागत भएका आयोजनाहरूको लागि अन्तर्राष्ट्रिय स्तरमा प्रस्ताव आह्वान गरिनेछ ।

*यस दफाको प्रयोजनको लागि सारभूतरुपमाप्रभावग्राही भएका प्रस्तावहरूको मात्र प्रक्रिया अगाडि बढाइनेछ ।*

**११.७ (क) आशयपत्र माग गर्ने (REOI)**

(१) बजारको अवस्था बुझ्न वा आयोजनाका बारेमा विस्तृत रूपमा जानकारी लिन वा लाभ र जोखिमको अध्ययन गर्न वा सम्भावित इच्छुक प्रस्तावदाताहरू बारे जानकारी लिन बाहेक यो चरणएक ऐच्छिक चरणमात्र हुनेछ । आयोजना कार्यान्वयन निकायले आशयपत्र आह्वान गर्दाइच्छुक प्रस्तावदाताहरूबाट कस्ता प्रकारका विवरणहरू पेसगर्नुपर्ने हो सोही अनुरूप माग गर्नुपर्नेछ ।

(२) आशयपत्रको मूल्याङ्कन पश्चात् सङ्क्षिप्त सूची तयार गर्ने वा सबैबाट एकैपटक दुई खाममा प्रस्तावहरू माग गर्ने वा दुई चरणको प्रस्ताव माग गर्ने भन्ने निर्णय आयोजना कार्यन्वयन निकायलेगर्नुपर्नेछ ।

(३) REOIमा छनौट भएका सबै प्रस्तावदाताहरूलाईRFP मा समावेश गराइने छ । तर REOI को चरणमा पनि सङ्क्षिप्त सूची तयार गर्ने आयोजना कार्यान्वयन निकायको निर्णय भएमा यस्तो व्यहोरा REOI आह्वान गर्दाको सूचनामा नै स्पष्ट उल्लेखगर्नुपर्नेछ ।

**११.७ (ख) खरिद प्रक्रियाको प्रथम चरण :योग्यताको लागि दरखास्त माग गर्ने चरण (RFQ)**

(१) यस चरणमाउल्लिखित व्यवस्था अनुसार इच्छुक आवेदकहरूले योग्यताको लागि दरखास्त पेस गर्न सक्नेछन् ।यस्तादरखास्तहरूमा समग्र प्राबिधिक तथा वित्तीय क्षमताहरू प्रस्तुत गरिएको हुनेछ र त्यस्ता दरखास्तहरूकोसमग्र प्राबिधिक तथा वित्तीय क्षमता योग्यता सम्बन्धीकागजातमा उल्लिखित मापदण्डहरूका आधारमामूल्याङ्कन गरी योग्यता निर्धारण गरिनेछ ।

(२) यो चरणमा इच्छुक दरखास्तवालाहरूले थप केही प्रस्ट गर्न चाहेमा वा कुनै जानकारी लिन चाहेमा सो गर्न सक्नेछन् । आयोजनाको प्रकृति हेरी दरखास्तदिने समय अगावै सम्बन्धित पक्षहरुसँग छलफल गर्न सकिनेछ ।

(३) सबै दरखास्तहरुलाई पूर्व निर्धारित मापदण्डका आधारमा आयोजना कार्यान्वयन निकायले पारदर्शी ढंगले एक समिति गठन गरी सो समितिबाट मूल्याङ्कन गर्नेछ, र यस्तो कार्यमा बाह्य विशेषज्ञहरूको पनि सहयोग लिन सकिनेछ ।

(४) यसचरणमा छनौट भएका दरखास्तवालाहरूलाईयोग्यता निर्धारण गरिएका दरखास्तवालाहरूको रुपमा नामकरण गरी उक्त दरखास्तवालाहरूलाई मात्र प्रस्ताव आह्वान गर्ने चरणमा समावेश गरिनेछ ।

### ११.७ (ग) खरिद प्रक्रियाको द्वितीय चरण : प्रस्ताव माग गर्ने चरण (RFP)

(१)प्रस्ताव आह्वान गर्ने चरणको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) आयोजना सम्झौताका सम्पूर्ण प्रावधानहरू उल्लेख गर्ने ।

(ख) मूल्याङ्कन प्रक्रिया स्पष्ट उल्लेख गर्ने ।

(ग) सर्तहरु स्पष्टउल्लेख गर्ने,

(घ) प्रस्ताव तयार गर्ने र बुझाउने बारे मिति तथा प्रक्रियाहरु स्पष्ट गर्ने ।

(ङ) उपयुक्त प्रस्तावदाता छनौट गर्न प्राबिधिक तथा आर्थिक प्रस्तावहरूका पूर्ण विवरण माग गर्ने ।

(२) दफा ११.७ (ख) को चरणबाट योग्य भई छनौट भएका दरखास्तवालाहरूबाट मात्रै प्रस्तावसम्बन्धी कागजातमा उल्लेख गरिएका प्रावधान अनुसार प्रस्ताव आमन्त्रण गरिनेछ ।

(३) प्रस्ताव दुई खण्डमा विभाजन गरिएका हुनेछन् । प्रथम खण्डमा आयोजनालाई आवश्यक पर्नेकार्यान्वयनको अवधारणा, प्रयोग गर्न सकिने नवीनतम प्रबिधि र अन्य प्राबिधिक विवरणहरू समावेश गर्नुपर्नेछ भनेद्वितीय खण्डमा आर्थिक प्रस्तावहरूहुनेछन्जसमा बोल/दरभाउ/मूल्य र अन्य माग गरिएका विवरणहरू संलग्न गरिनेछन् । साधारणतया आर्थिक प्रस्तावमागणना गर्न सकिने कुनैSingle Parameterको मात्र बोल/दरभाउ/मूल्य वा परिमाण माग गरिनेछ, जसको आधारमा प्रस्तावदाताको छनौट गर्न सकिनेछ ।

(४) आयोजनाको प्रकृति हेरी कुनै खास आयोजनाहरूमासार्वजनिक-निजी साझेदारी केन्द्रको सिफारिसमा Qualitative parameterहरू पनि राख्न सकिनेछ । तर यसरी राख्दा, यसको मूल्याङ्कन कसरी र कुन विधिका आधारमा गणना गरिने हो, उल्लेख गरिएको हुनुपर्नेछ ।

(५) आयोजनाको प्रारूपतयार गर्दा यस्ता Parameterमा अन्य कुराहरूका अतिरिक्त सरकारी अनुदानको आवश्यकता, वार्षिक भुक्तानी, उपभोक्ताले भुक्तानी गर्ने शुल्क, रोयल्टीको बाँडफाँड, अग्रीम प्राप्त हुने रोयल्टी (Upfront royalty)वार्षिक रोयल्टी, आयोजना अवधिआदिकुराहरू समावेश गर्न सकिनेछ ।

(६) प्रस्ताव सँगै प्रस्ताव जमानत (Bid Secutity)र सम्झौता गर्नु अघि कार्यसम्पादन जमानत (Performance Guarantee) दाखिला गर्नुपर्नेछ । जमानत रकम कति हुने भन्ने सम्बन्धी विषय सम्भाव्यता अध्ययनमा उल्लिखित आयोजना लागत अनुसार निर्णय लिइनेछ ।

(७) प्राबिधिक प्रस्तावहरूको मूल्याङ्कन सम्पन्न भई छानिएका प्रस्तावदाताहरूको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

(८) प्रस्ताव आह्वान गर्दा आयोजना सम्झौताको मस्यौदासमेत संलग्न गर्नुपर्नेछ । यस्तो आयोजना सम्झौता मस्यौदामा आयोजना कार्यान्वयन गर्ने निकायको र निजी निकायहरूको अधिकार र दायित्व स्पष्ट उल्लेख गर्नुका साथै देहायका विषयहरू उल्लेख हुनेछन् :-

(क) आयोजना अवधि ।

(ख) इस्पेसिफिकेसनर/वा गुणस्तर ।

(ग) अनुगमन प्रक्रिया ।

(घ) दुवै निकायहरू बिच लागू हुने क्षतिपूर्ति, हानि नोक्सानी भराउनेव्यवस्था, पुरस्कार तथा अन्य दायित्व सम्बन्धीव्यवस्था ।

(ङ) काबु वाहिरको परिस्थिति, सम्झौताको समाप्ति, कानुनमा हुने परिवर्तन र कार्यक्षेत्रमा हुने परिवर्तन जस्ता विषयमा कुनै विवाद उत्पन्न भएमा समाधान गर्ने विधि र प्रक्रिया, तथा क्षतिपूर्तिको तरिका ।

(च) सूचना आदान प्रदानसम्बन्धी व्यवस्था ।

(छ) सार्वजनिक निजी साझेदारी आयोजनामा उल्लिखित प्रावधानअनुसार संरचनाहस्तान्तरण गर्ने प्रक्रिया ।

(ज) सेवा शुल्क सम्बन्धी विवरण ।

(झ) सम्भाव्यता न्यून परिपूर्ति र/वा स्वपुँजी सम्बन्धीव्यवस्था ।

(ञ) जोखिमको बाँडफाँड र आयोजना अवधिमा जोखिमब्यवस्थापन गरिने विधि ।

(ट) सार्वजनिक सम्पत्ति प्रयोग गरे बापत निजी निकायले तिर्नुपर्ने रोयल्टी र/वा भाडा र/वा लिज बापतको शुल्क ।

(ठ) अन्य आवश्यक विषयहरू ।

९) यो चरणमा भाग लिने सबै योग्यता निर्धारण गरिएका प्रस्तावदाताहरूलाई आ-आफ्नो कुरा सोधनी गर्न वा स्पष्ट पार्न एक पटकको अवसर प्रदान गर्नप्रस्तावप्रस्तुत गर्नु अगावै छलफल गर्न सकिनेछ । जटिल प्रकृतिका आयोजनाहरूको लागि एक पटकभन्दा बढी छलफल गर्न सकिनेछ ।

**११.७ (घ) प्रस्तावको मूल्याङ्कन**

(१) प्रस्तावहरूको मूल्याङ्कन गर्ने र उपयुक्त प्रस्तावदाताको छनौट गर्ने कार्य प्रस्तावमा उल्लिखित मूल्याङ्कनका आधारमा गरिनेछ । योप्रक्रिया पारदर्शी हुनेछ र यसलाई आयोजना कार्यान्वयन निकायले सार्वजनिक-निजी साझेदारी केन्द्र वा राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयसमेतको प्रतिनिधित्व रहेको एक समिति गठन गरी उक्त समितिबाट पूर्व निर्धारित मापदण्डका आधारमा मूल्याङ्कन गरिनेछ ।

(२) सारभूत रुपमा प्रभावग्राही प्रस्तावहरूलाई मात्र मूल्याङ्कनमा समावेश गरिने छ ।

(३) प्राबिधिक तथा आर्थिक प्रस्तावहरू अलग-अलग समयमा प्रस्तावदाताहरूलाई आमन्त्रण गरी खोलिनेछ ।

**११.७ (ङ) नमुना दस्तावेजहरूको प्रयोग**

(१) सार्वजनिक-निजी साझेदारी केन्द्रले कुनै खास सार्वजनिक-निजी साझेदारी आयोजना वा क्षेत्र वा दुवैलाई उपयोगी हुने नमुना RFP, RFQवा नमुना आयोजना सम्झौताहरू विभिन्नसमयमा जारीगर्नेछ ।

(२) आयोजना कार्यान्वयन निकायले रु. दश करोड भन्दा बढी आयोजना लागत भएका सम्पूर्णसार्वजनिक-निजी साझेदारी आयोजनाहरूमा नमुना दस्तावेजहरु लागू गर्नेछ ।

(३) रु. दश करोड रुपैयाँ भन्दा कम लागत भएका आयोजनाहरूको हकमा यसै नीति र अर्न्तगत बन्ने कार्यविधीका उपयोगी प्रावधानहरूलाई आत्मसात गरी छुट्टैआयोजना सम्झौताहरूप्रयोग हुनसक्नेछन् । यस्ता नमुना दस्तावेजहरूमा कुनै परिवर्तन गर्नुपर्ने भएमा

आयोजना कार्यान्वयन निकायले कारण देखाई सार्वजनिक-निजी साझेदारीकेन्द्रलाई जानकारी गराउनुपर्नेछ ।

**११.७ (च) प्रस्ताव स्वीकृत गर्ने र आयोजना सम्झौता गर्ने**

(१) सम्पूर्ण प्रस्तावहरूको मूल्याङ्कन पूर्व निर्धारित मापदण्डका आधारमा सम्पन्न गरी कानुनद्वारा अधिकार प्राप्त अधिकारीबाट उपयुक्त प्रस्तावदाताको प्रस्ताव स्वीकृत गराई आयोजना कार्यान्वयन निकायले स्वीकृत प्रस्तावदातालाई निजले प्रस्तुत गरेको प्रस्ताव स्वीकृत भएको व्यहोराको पत्र जारीगर्ने छ ।

(२) सो पत्रमा आयोजना सम्झौता गर्न उपस्थित हुँदा पूरा गर्नुपर्ने औपचारिकतार पेस गर्नुपर्ने कागजातहरूको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) स्वीकृत भएको प्रस्तावदातालेतोकिएको समयभित्रआयोजना सम्झौता गर्नस्वीकार गरेको पत्र लेखी आयोजना कार्यान्वयन निकायमा पेस गर्नुपर्नेछ ।

(४) अधिकार प्राप्त अधिकारी वा निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र निजी निकायसँग आयोजनाको आयोजना सम्झौता गर्नुपर्नेछ ।आयोजनाको प्रस्ताव (RFP) स्वीकृत गर्ने अधिकारी कानुनले व्यवस्था गरे बमोजिम हुनेछ ।

(५) प्रस्ताव आह्वान गर्दा संलग्न गरिएको मस्यौदा आयोजना सम्झौतालाई अन्तिम रूप दिई प्रस्तावदाता वा निजहरूले खोलेको निजीकम्पनी र आयोजना कार्यान्वयन निकायका अधिकार प्राप्त अधिकारी बीच आयोजना सम्झौता गरिनेछ ।

(६) आयोजनाको सम्झौता गर्दा प्रस्तावको चरणमासंलग्न गरिएको आयोजना सम्झौताकोमस्यौदामाउल्लिखित बुँदाहरूमा कुनैपरिवर्तन गरिने छैन । कुनै कारणवशपरिवर्तन गर्नुपरेमा, परिवर्तन हुने बुँदाहरूमा प्रस्ताव दर्ता गर्ने समय अगावै सम्पूर्णप्रस्तावदाताहरूलाई जानकारी गराइएको हुनुपर्नेछ । सम्झौतालाई अन्तिम रूप दिन आवश्यक पर्ने स-साना प्रशासनिक कुराहरूप्रस्ताव मूल्याङ्कन र उपयुक्त प्रस्तावदाता छनौट गर्ने कार्यलाई कुनै फरक नपर्ने गरी मात्र संशोधन वा परिवर्तन गर्न सकिनेछ ।

*स्पष्टिकरण :यहाँ आयोजना सम्झौता भन्नाले सार्वजनिक र निजी क्षेत्र बिच सम्पन्न गरिने विभिन्न सम्झौता वा ठेक्का सम्झौता वा सहुलियत सम्झौता/ठेक्का समेतलाई जनाउने छ ।*

**११.८ सोझै प्राप्त भएका प्रस्तावहरू(Unsolicited Proposals)**

(१) आयोजना कार्यान्वयन गर्ने निकायले आह्वान नगरेका तर कुनै इच्छुक निजी निकायबाट पहिचान गरी कार्यान्वयनका लागि अनुरोध गरिएका कुनै आयोजनाका लागि प्राप्त हुनेप्रस्तावहरूलाई सोझै प्राप्त भएका प्रस्तावको रुपमा लिइनेछ ।

(२) देहायकोअवस्थामा यस्ता प्रस्तावहरूलाई प्रक्रियामा लैजान सकिनेछ :-

(क) यस प्रयोजनका लागि पहिले प्रस्ताव आह्वान गरिएको तर सफल प्रस्तावदाता छनौट गर्न नसकिएकोमा वा,

(ख) यस्ता आयोजना जसमा प्रोप्राइटरी सामानहरू मात्र प्रयोग हुने र त्यस्ता सामानहरूत्यस्तो निजी निकायसँग मात्र उपलब्ध हुने भएमा वा,

(ग) नेपाल सरकार, मन्त्रिपरिषद्ले रणनीतिक रुपमा महत्वपूर्ण भनी निर्णय गरेकोमा ।

(३) आयोजना कार्यान्वयन गर्ने निकायले यस्ता सोझै प्राप्त भएका आयोजना प्रस्तावहरूलाई पुनरावलोकन गर्दा आकर्षक र लाभदायी देखिएमा त्यस्तो आयोजना/प्रस्ताव पेस गर्नेप्रस्तावकलाई माथि२ (क) मा उल्लेख भएको अवस्था बाहेक सम्भाव्यता अध्ययन प्रतिवेदन पेस गर्नलगाउन सक्नेछ । त्यसो गर्दा कार्यान्वयन हुन गइरहेका वा कार्यान्वयन भइरहेकाआयोजनाहरूसँग नबाझिने गरी वा बाझिने अवस्था आएमा यो प्रस्तावलाई अघि बढाउनु पर्ने स्पष्ट आधारहरू आयोजना कार्यान्वयन निकायले लिखितरूपमा उल्लेख गर्नुपर्नेछ ।

(४) सोझै प्राप्त भएको आयोजना प्रस्ताव पहिले आह्वान गरिएको तरप्रस्तावदाता छनौट गर्न नसकिएको अवस्था भएमा र त्यसरी प्राप्त भएको प्रस्ताव उपयुक्त लागेमासार्वजनिक-निजीसाझेदारी केन्द्रमा उपयुक्तताकोलेखाजोखा(Appraisal)का लागि पठाइनेछ ।

(५)आयोजना लागत रु. दस करोड रूपैयाँ भन्दा बढी भएमा जुनसुकै आयोजना वा जुनसुकै आयोजना कार्यान्वयन गर्ने निकाय भएपनि नेपाल सरकार, मन्त्रिपरिषद्को सैद्धान्तिक स्वीकृतिलेमात्रप्रक्रिया अघि बढाउन सकिनेछ ।तर रु.दस करोड रूपैयाँ भन्दा कम आयोजना लागत भएका र/वा सम्भाव्यता न्यून परिपूर्ति कोष(VGF) वा सरकारी अनुदान आवश्यक नभएका आयोजनाहरूको हकमा सरकारी निकाय भएमा सम्बन्धित आयोजना कार्यान्वयन गर्ने निकायको सम्वन्धित मन्त्रालय र अन्य निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले आयोजनाको प्रक्रिया अघि बढाउन स्वीकृति दिनसक्नेछ ।

(६) आयोजनाको प्रक्रिया अघि बढाउने स्वीकृतिहुँदाको समयमा प्रस्ताव गरिएको आयोजनाको संरचनात्मक व्यवस्थामाप्रस्तावकले पछि कुनै परिर्वतनगरेको भएमा सो व्यहोरासमेत उल्लेख गरी आयोजना कार्यान्वयन निकायले सो व्यहोरा सार्वजनिक-निजी साझेदारी केन्द्रमा पठाउनुपर्नेछ । यस्तो अवस्थामा निर्देशक समितिले नेपाल सरकारमन्त्रिपरिषद्मा पेस गर्ने प्रस्तावमा समेत उक्त व्यहोरा उल्लेख भएको हुनुपर्नेछ ।

*स्पष्टिकरण : यस दफाको प्रयोजनको लागि प्रस्तावक भन्नाले सोझै आयोजना प्रस्ताव पेश गर्ने व्यक्ति वा निकायलाई सम्झनु पर्दछ ।*

(७) माथिउल्लिखितखण्ड (२)(ख) र(ग)अनुसार सोझै आयोजना प्रस्ताव प्राप्त भएमा प्रस्तावसँग संलग्न सम्भाव्यता अध्ययनलाई आयोजना कार्यान्वयन निकायले अध्ययन गर्नेछ ।अध्ययनमा सार्वजनिक हित हुने देखिएमा सरकारी आयोजनाको हकमा नेपाल सरकार मन्त्रिपरिष्दको र अन्य निकायको हकमा उक्त निकायको सर्वोच्च कार्यकारी निकायको सैद्धान्तिक स्वीकृति लिई देहाय बमोजिम थप प्रक्रिया अगाडि बढाइनेछ ।

(क) आयोजना कार्यान्वयन निकायले आयोजनाकोसंरचनात्मक प्रारूप तयार गरी सार्वजनिक-निजी साझेदारी केन्द्रबाट उपयुक्तताकोलेखाजोखा(Appraisal)गराई

प्रस्ताव आह्वान गर्नुपर्नेछ । यस्तो प्रस्तावमा प्रस्तावकले पनि भाग लिन पाउनेछ । यस्ता प्रस्तावहरूको मूल्याङ्कन भएपछि छनौट योग्यप्रस्तावदाताले कबोल गरेका सर्तहरूसँग प्रस्तावकले पहिले पेस गरेको सर्तलाई तुलना गरिनेछ र पहिले पेस गर्ने प्रस्तावक उक्त प्रस्तावदाताको प्रस्तावको सर्तमा काम गर्न मन्जुर हुने भएमा ३० दिनभित्र मन्जुर गरी काम लिनसक्नेछ ।

(ख) प्रस्तावकले प्रस्तावमा भाग नलिएमा वा छनौट योग्य प्रस्तावदाताको प्रस्ताव अनुसार काम गर्न स्वीकार नगरेमा प्रस्तावकलाई आयोजना प्रदान गरिने छैन । यदि प्रस्तावकले आयोजनास्वीकार गरेमाछनौट योग्यप्रस्तावदातालाई RFP मा उल्लिखित प्रस्ताव तयार गर्न लागे बापतको रकमभुक्तानी गर्नुपर्नेछ ।

(ग) यदि प्रस्तावकले प्रस्तावमा भाग लिएको तर छनौट योग्य प्रस्तावदाता हुन नसकेको र छनौट योग्य प्रस्तावदाताले पेस गरेको प्रस्ताव स्वीकार पनि नगरेको अवस्थामा प्रस्तावकलाई RFP मा उल्लिखित रकम छनौट योग्य प्रस्तावदाताले भुक्तानी गर्नेछ ।

(घ) यदि प्रस्तावक एकमात्र प्रस्तावदाता भएमा RFP मा उल्लिखित सर्तहरूका आधारमा प्रस्तावदाताको प्रस्ताव स्वीकृत गर्न सकिनेछ । कुनै कारणले यस्तो अवस्थामा पनि प्रस्तावदाताको प्रस्ताव आयोजना कार्यान्वयन निकायबाट स्वीकृत नभएमा आयोजना कार्यान्वयन निकायले प्रस्तावकलाई पूर्वनिर्धारित प्रस्ताव तयार गर्दा लागेको खर्च भुक्तानी गर्नेछ ।

**११.९सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि जग्गा प्राप्ति**

(१) नेपाल सरकार मन्त्रिपरिषद्ले विशेष परिस्थितिमा निर्णयगरेको अवस्था बाहेक राष्ट्रिय तथा स्थानीय स्तरको सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि आवश्यक पर्ने जग्गानेपाल सरकारले आयोजना कार्यान्वयन गर्ने निकायलाई उपलब्ध गराउनेछ ।

(२) नेपाल सरकारले सार्वजनिक-निजीसाझेदारी आयोजनाको लागि जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानुन तथा पूर्वाधार विकासका लागी जग्गा प्राप्ति, पूनर्वास तथा पूनर्स्थापना सम्बन्धी नीति, २०७१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) आयोजनाको प्रकृति हेरी सो जग्गा बापत भुक्तानी भएको क्षतिपूर्ति रकमको सम्पूर्ण वा आंशिक रकम खरिद सम्वन्धी कागजातमा उल्लेख भए अनुसार निजी निकायबाट शोधभर्ना गराउने वा यसरी सरकारी सम्पत्ति प्रयोग गरेबापत निजी निकायबाट रोयल्टी असुल गर्नसकिने छ ।

(४) सार्वजनिक-निजी साझेदारीआयोजनाको लागि जग्गा प्राप्त गर्दा हदबन्दीभन्दा बढी राखेकोजग्गा, सरकारबाट प्राप्त गरिने जग्गा, घरसहितका जग्गाहरूको पुनर्स्थापना, स्वीकृति नलिईबनाएका घर तथा बाली जफत गर्ने तथा जग्गा प्राप्ति सम्बन्धी अधिकारहरूका सम्बन्धमा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानुन, यस सम्बन्धी नीतितथा विभिन्न समयमा नेपाल सरकारले जारी गरेका आदेशहरूको अवलम्बन गरिनेछ ।

(५) नेपाल सरकारले सार्वजनिक-निजी साझेदारी आयोजनालाई आवश्यक पर्ने जग्गा मध्ये असी प्रतिशत जग्गा प्राप्त नगरेसम्म त्यस्तो आयोजनाको आयोजना सम्झौतागरिने छैन ।

**११.१० जोखिम र लाभको बाँडफाँडप्रक्रिया**

(१) सार्वजनिक-निजी साझेदारीकाआयोजनाहरूको जोखिम तथा लाभको बाँडफाँड तथा व्यवस्थापन गर्न'सार्वजनिक हितको सिद्धान्त' लाई केन्द्रमा राखीजोखिम व्यवस्थापन गर्न सबैभन्दा सक्षम निकायलाई उक्त जोखिमको मुख्य हिस्सा दिइनेछ ।

(२) जोखिम तथा लाभको बाँडफाँडको प्रारूप आयोजनाको सम्भाव्यता अध्ययन र अवसरको विश्लेषण गर्दाको समयमा उल्लिखित विवरणमा आधारित हुनेछ र जोखिम तथा लाभको बाँडफाँडको बिषयलाई आयोजना सम्झौता तयार गर्दा विशेष व्यवस्थाका रूपमा राखिनेछ ।

(३) सार्वजनिक-निजी साझेदारी आयोजनाको जोखिम तथा लाभको बाँडफाँडतथा व्यवस्थापन गर्दा प्रचलित सिद्धान्तको सीमाभित्र रही देहाय बमोजिम गरिनेछ :

(क) आयोजनासँग सम्बन्धित पूर्वानुमान गर्न सकिने सम्पूर्ण जोखिम सम्बन्धी जानकारी एकैसाथ सङ्कलन गरी त्यस्ता जोखिमहरूको व्यवस्थापनआयोजना सम्झौता गर्दाकै समयमा गरिनेछ ।

(ख) आयोजनासँग सम्बद्ध निजी तथा सार्वजनिक दुवै निकायको नियन्त्रण बाहिरका जोखिमहरू माथि उल्लिखित सिद्धान्तको आधारमा सम्झौतानुसार निक्र्यौल गर्ने व्यवस्था गरिनेछ ।

(ग) आयोजना सम्झौतामा जोखिमको सीमा निर्धारण गर्न सकिनेछ ।

(घ) आयोजना सम्झौतामा पूर्वानुमान गर्न कठिन पर्ने र उच्च परिवर्तनशील सर्तहरूको सम्बन्धमा पुनरावलोकन गर्ने प्रक्रियाको व्यवस्था गरिनेछ । यस्तो पुनरावलोकन गर्ने सम्बन्धी व्यवस्था सार्वजनिक-निजी साझेदारी केन्द्रद्वारा जारी हुने निर्देशिकामा पुनरावलोकन गर्ने अवधि, आधार, मापक, र त्यसले पार्ने प्रभाव जस्ता व्यहोरा उल्लेख गरिनेछ ।

(ङ) डिजाइन,निर्माण, आयोजना व्यवस्थापन, वातावरणीय नियमहरूको पालना, गुणस्तर, प्राबिधिक स्तर र दक्षता सम्बन्धी जोखिम निजी क्षेत्रको निकायलाई दिइनेछ।

(च) सेवा आयोजनाको लागत र वित्तीय व्यवस्थापन खर्च, शुल्क असुली तथा मुनाफा सम्बन्धी जोखिम निजी क्षेत्रको निकायलाई मात्र दिइनेछ ।

(छ) अनुमति र स्वीकृति, जग्गा प्राप्ति, अन्तर-सरकारी निकाय बिचको समन्वय र सरकारले दिने योगदानको रकम सम्बन्धी जोखिमको जिम्मेवारी आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ ।

(ज) निजी निकायले आफ्नो खर्च लगाई बनाएको वा पुनर्निर्माण गरेको सम्पत्ति आयोजना कार्यान्वयन निकायको स्वामित्वमा रहने भएमा वा सम्झौताको अवधि समाप्त भएपछि आयोजना कार्यान्वयन निकायलाई हस्तान्तरण गर्नुपर्ने भएमा वा सम्झौता रद्द वा खारेज भएमा सो सम्बन्धी दायित्व आयोजना सम्झौतामा उल्लेख भए अनुसार फरफारक गरिनेछ। तर त्यस्तो जोखिमको भार सम्झौता रद्द गर्नु परेको कारणमा आधारित हुनेछ।

(झ) काबुबाहिरको परिस्थितिजन्यकारणबाट सिर्जना भएका प्रत्यक्षवा अप्रत्यक्ष जोखिमहरूबिमाद्वारा व्यवस्थापन गरिनेछ, बिमाद्वारा व्यवस्थित हुन नसकेका विषयहरूको बारेमा आयोजना सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(ञ) आयोजनाको लाभको बाँडफाँड गर्दा सो आयोजनाको सम्झौता गर्दाकै अवस्थामा विशेषव्यवस्थाका रूपमा उल्लेख गरिनेछ।

*स्पष्टिकरण : यस सम्बन्धी अन्य विस्तृत व्यवस्था आयोजना सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।*

**११.११ नीति कार्यान्वयन योजना**

(१) सार्वजनिक-निजी साझेदारी आयोजनाका सम्बन्धमा ऐन,नियम, निर्देशिका तथा मार्गदर्शन बनाउँदाप्रस्तुत नीतिलाई आधार मानिनेछ।

(२) यस नीतिको कार्यान्वयनका लागि नेपाल सरकारले एक वर्षभित्र आयोजना तयारी सहजीकरण कोष तथा सम्भाव्यता न्यून परिपूर्ति कोष सञ्चालनका लागि निर्देशिका तयार गर्नेछ रसार्वजनिक-निजी साझेदारी केन्द्रलेयो नीति स्वीकृत भएको एकवर्षभित्र आयोजनाको मूल्याङ्कन, स्वीकृति, खरिद सम्बन्धी नमुना दस्तावेज तयार गरी जारी गर्नेछ।

(३) सार्वजनिक निजी साझेदारी केन्द्रले यो नीति कार्यान्वयनको लागि सम्बन्धित निकायहरूको बिचमा समन्वय गरी आवश्यक कार्ययोजना कार्यान्वयनमा ल्याउनेछ।

(४) यसै नीतिलाई आधार मानी स्थानीय निकायहरूले विद्यमान“सार्वजनिक निजी साझेदारी नीति,(स्थानीय निकायका लागि) २०६०” परिमार्जन गर्नुपर्नेछ।

**११.१२ विवाद समाधान**

(१) आयोजना सम्झौतामा प्रचलित नेपाल कानुन लागू हुनेछ।

(२) आयोजना सम्झौताको ब्याख्या वा कार्यान्वयनका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद पक्षहरू बिच वार्ता/छलफल गरी आपसी सहमतिमा समाधान गरिने छ।

(३) कुनै विवादको विषयमा आपसी सहमति हुन नसकेमा त्यस्तो विवाद मध्यस्थता ऐन, २०५६ अनुसार समाधान गरिनेछ।

(४) आयोजना सम्झौताको पक्ष विदेशी लगानीकर्ता वा विदेशी लगानीमा स्थापित कम्पनी भएमा मध्यस्थता सम्बन्धी कार्यविधि आयोजना सम्झौतामा उल्लेख गर्दा ICC RULES वा

UNCITRALको विवाद समाधान गर्ने कार्यविधि अवलम्बन गर्न सकिनेछ । यस सम्बन्धी स्पष्ट व्यवस्था आयोजना सम्झौतामा उल्लेख गरिनेछ ।

(५) विशेष प्रकृतिका आयोजनाहरूमा छुट्टैव्यवस्था गर्नुपर्ने देखिएमा सम्झौतामा उल्लेख भए बमोजिम नेपाल सरकार मन्त्रिपरिष्‌दको निर्णय अनुसार हुनेछ ।

## १२. संस्थागत संरचना

सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजनाहरूको पहिचान, प्राथमिकीकरण, स्वरूप, तयारी तथा स्वीकृति गर्न गराउन तथा निर्माण/सञ्चालन गर्ने कार्यमा सहजीकरण गर्न सार्वजनिक-निजी साझेदारी निर्देशक समितिको गठन, सार्वजनिक-निजी साझेदारी केन्द्रको स्थापना तथा अन्य संरचनात्मक व्यवस्था देहाय बमोजिम मिलाइनेछ ।

### १२.१ सार्वजनिक निजी साझेदारी निर्देशक समिति

(१) यो नीतिको कार्यान्वयन गर्ने क्रममा रु. पचास करोड रूपैयाँ र सो भन्दा बढी आयोजना लागत भएका र/वा सम्भाव्यता न्यून परिपूर्ति कोष र/वा सरकारी अनुदान र/वा कुनै राजस्व छुट गर्नुपर्ने आयोजनाहरूकोलागि  सम्भाव्यता अध्ययन अनुसार सार्वजनिक-निजी साझेदारी आयोजनाहरुको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय र मार्गदर्शन गर्न देहायबमोजिमको एक सार्वजनिक-निजी साझेदारी निर्देशक समिति रहने छ । समितिले आवश्यकता अनुसार अन्य मन्त्रालय वा निकायका सचिव वा पदाधिकारी र/वा सम्बन्धित निकायको विशेषज्ञ वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ :

| | | |
|---|---|---|
| (क) | सचिव, अर्थ मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव, प्रधानमन्त्री तथा मन्त्रि परिषद् कार्यालय | सदस्य |
| (ग) | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (घ) | सचिव, गृह मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| (च) | सचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| (छ) | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| (ज) | सचिव, विज्ञान प्रबिधि तथा वातावरण मन्त्रालय | सदस्य |
| (झ) | सचिव, प्रस्तावित आयोजना सम्बद्ध मन्त्रालय | सदस्य |
| (ञ) | सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (ट) | प्रमुख, सार्वजनिक-निजी साझेदारी केन्द्र | सदस्य सचिव |

(२) निर्देशक समितिको कार्यक्षेत्र देहायबमोजिम हुनेछ :-

(क) सार्वजनिक-निजी साझेदारीसँग सम्बन्धित सम्पूर्ण नीतिगत विषयहरूमा मार्गदर्शन गर्ने।

(ख) सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजनाका क्षेत्रहरू पहिचान गर्ने ।

(ग) सार्वजनिक-निजी साझेदारीका लागि लगानीका क्षेत्रहरू पहिल्याउने ।

(घ) उपदफा १२.१(१) मा उल्लिखित सार्वजनिक-निजी साझेदारीका आयोजनाहरूको सम्भाव्यता अध्ययन, खरिद सम्बन्धी कागजात तथा मस्यौदा आयोजना सम्झौता लगायत आयोजनालाइ खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने ।

(ङ) सार्वजनिक-निजी साझेदारीमा सञ्चालित आयोजनाको कार्यान्वयनमा सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय गर्ने ।

## १२.२ सार्वजनिक-निजी साझेदारी नियमन समिति

सार्वजनिक-निजी साझेदारी केन्द्रको कार्यलाई व्यवस्थित बनाउन, केन्द्रलाई आवश्यक मार्ग निर्देश गर्न र आयोजना कार्यान्वयन गर्ने निकाय बिच समन्वय र सहजीकरण गर्न राष्ट्रिय योजना आयोगका सचिवको अध्यक्षतामा अर्थ मन्त्रालय, गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिलातथास्थानीय विकास मन्त्रालय र भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सह सचिव, समितिले तोकेको विज्ञ सदस्य तथा सार्वजनिक-निजी साझेदारी केन्द्रका प्रमुख सदस्य सचिव रहने गरी एक सार्वजनिक निजी साझेदारी नियमन समितिको गठन गरिनेछ ।

उक्त समितिले राष्ट्रिय योजना आयोगका पूर्वाधार हेर्ने सदस्य मार्फत् आयोगमा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नेछ । आयोगले समीक्षा गरी आवश्यक मार्गनिर्देश गर्न सक्नेछ ।

## १२.३ सार्वजनिक-निजी साझेदारी केन्द्र

(१) सार्वजनिक-निजी साझेदारी अवधारणा अर्न्तगत् सञ्चालन हुने आयोजनाहरूको सम्भाव्यता अध्ययन तथा खरिद सम्बन्धी कागजातहरूको उपयुक्तता लेखाजोखा(Appraisal) गर्न र सार्वजनिक निकायहरूलाई आयोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य विषयहरूमा सहजीकरण गर्न एक सार्वजनिक-निजी साझेदारी केन्द्रको स्थापना गरिनेछ ।

(२) सार्वजनिक-निजी साझेदारी केन्द्र राष्ट्रिय योजना आयोग अन्तर्गत्रहने छ ।

(३) सार्वजनिक-निजी साझेदारी केन्द्रमा एक प्रमुख र आवश्यकतानुसार सार्वजनिक र/वा निजी क्षेत्रका विज्ञहरूरहने छन् ।

(४) सार्वजनिक-निजी साझेदारी केन्द्रका कार्यहरू देहायबमोजिम हुनेछन् :-

(क) सार्वजनिक निकायहरूले प्रस्तुत गरेका आयोजना सम्बन्धी सम्भाव्यता अध्ययन, खरिद सम्बन्धी कागजात र नमुना आयोजना सम्झौताहरूको स्वतन्त्र उपयुक्ततालेखाजोखा(Appraisal) गर्ने ।

(ख) सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजनाको तयारी, निर्माण र सञ्चालनमा सार्वजनिक तथा निजी निकायहरूलाई सहजीकरण गर्ने ।

(ग) राज्यका सम्भाव्य सम्पूर्ण अङ्ग, निकाय, संयन्त्रहरूमासार्वजनिक-निजी साझेदारी सम्बन्धी क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) मुलुकभित्र र बाहिर सार्वजनिक-निजी साझेदारी सम्बन्धमा भए गरेका असल अभ्यासहरूको अध्ययन गर्ने, गराउने तथा देशभित्र तिनीहरूको प्रवर्धन गर्ने ।

(ङ) सार्वजनिक-निजी साझेदारीका सम्बन्धमाभए गरेका अनुभवहरूलाई संस्थागत गर्नुका साथै नमुना दस्तावेज तथा दिग्दर्शन तयार गर्ने ।

(च) सम्भाव्य लगानीकर्ताहरू र बैङ्क तथा वित्तीय संस्थाहरूसँग आयोजनामा पुँजी तथा ऋण लगानी गर्ने वातावरण बनाउने सम्बन्धमा छलफल गर्ने गराउने ।

(छ) आयोजनाको पहिचान, प्राथमिकीकरण, छनौट, स्वीकृति, खरिद प्रक्रिया सम्बन्धी कागजात र आयोजनाको कार्यान्वयन लगायत हस्तान्तरणका सम्बन्धमा आवश्यक निर्देशिका बनाई जारी गर्ने ।

(ज) निर्देशक समितिले तोकेका अन्य कामहरू गर्ने ।

## १२.४ आयोजना कार्यान्वयन निकाय (PIA) तथा आयोजना कार्यान्वयन एकाइ(PIU)को व्यवस्था

(१) सार्वजनिक निजी साझेदारी आयोजनाहरू कार्यान्वयन गर्न चाहने प्रत्येक सार्वजनिक निकायहरू आयोजना कार्यान्वयन निकायका रूपमा रहनेछन र उक्त निकायहरूले आ-आफ्नो आयोजना कार्यान्वयन गर्न आयोजना कार्यान्वयन इकाइ गठन गर्नेछन ।

(२) सार्वजनिक-निजी साझेदारी सम्बन्धी आयोजनाहरूको तयारी, अध्ययन तथा खरिद प्रक्रियाहरू अवलम्बन गर्ने कार्यलाई व्यवस्थित बनाउनतथा निजी निकायसँग सहयोग, समन्वय, सम्झौता समेत गर्न सार्वजनिक निकायहरूले सम्बन्धित आयोजनाका लागि आयोजना कार्यान्वयन इकाइहरू गठन गरी सोहीइकाइ मार्फत् आयोजनाहरू कार्यान्वयन गर्नेछन् ।

(३) प्रचलित कानुन बमोजिम स्थापित लगानी बोर्ड नेपालले आयोजना स्विकृत गरी सम्झौता गरेकोमा त्यस्तो आयोजनाका लागि वित्तिय व्यवस्थापन(Financial Closure)को काम सम्पन्न भए पछि आयोजना कार्यान्वयनका लागि लगानी बोर्ड नेपालले आयोजना सम्बन्धीत मन्त्रालय वानिकायमा हस्तान्तरण गर्नेछ । यसरी कार्यान्वयन गरिने आयोजनाको तयारीको प्रारम्भिक चरण देखि नै लगानी बोर्डनेपालले सम्बन्धित मन्त्रालय वा निकायसँग समन्वय गर्नु पर्नेछ ।

## १३. आर्थिक पक्ष

### १३.१ बजेट व्यवस्था

(१) राष्ट्रिय स्तरका आयोजनाका लागि आयोजना कार्यान्वयन निकायले बजेट प्रस्ताव गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउनु पर्नेछ । सम्बन्धितआयोजना कार्यान्वयन निकाय र राष्ट्रिय योजना आयोगसँग परामर्श गरी अर्थ मन्त्रालयले सार्वजनिक-निजी साझेदारी आयोजनाका लागि विनियोजन गर्नुपर्ने बजेटका सम्बन्धमा अन्तिम निर्णय लिनेछ । त्यस्तो विनियोजनको विस्तृत विवरण नेपाल सरकारको वार्षिक बजेट तथा सम्बन्धित स्थानीय निकायको विनियोजित बजेटमा उल्लेख गरिनेछ ।

(२) स्थानीय निकाय आयोजना कार्यान्वयन निकाय रहेमा सो निकायको परिषद्ले सार्वजनिक-निजी साझेदारी आयोजनाको बजेट विनियोजन सम्बन्धमा निर्णय गर्नेछ । यस्तो आयोजनाको लागि छुट्याइएको बजेट स्थानीय निकायको बजेट पुस्तिकामा उल्लेख गर्नुपर्नेछ ।

(३) सार्वजनिक-निजी साझेदारी केन्द्रलाई आवश्यक पर्ने प्रशासनिक तथा अन्य खर्च प्रत्येक वर्ष बजेटमा व्यवस्था गरिनेछ ।

### १३.२ क्षमता विकास

आयोजना कार्यान्वयन गर्ने सार्वजनिक तथा निजी निकायहरूकाजनशक्तिहरूकोक्षमताविकास गर्न विभिन्नकार्यशाला, गोष्ठी, भेला, सम्मेलन तथा तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ । त्यस्तो कार्यको संयोजन गर्न सार्वजनिक-निजी साझेदारी केन्द्रले आवश्यकता अनुसार परामर्शदाताहरू नियुक्त गर्न सक्नेछ ।

### १३.३ विज्ञहरूको नियुक्ति

आयोजना कार्यान्वयन निकायले सम्पूर्ण वा आंशिक समय काम गर्ने गरी सार्वजनिक-निजी साझेदारीका आयोजनाको उपयुक्तताको लेखाजोखा, खरिद प्रक्रिया तथा अन्य सम्बन्धित कामको लागि विज्ञहरू नियुक्त गर्न सक्नेछ । आयोजना कार्यान्वयन निकायले आयोजना तयारीको क्रममा र खरिद सम्बन्धी कागजातको मूल्याङ्कन चरणमा आवश्यकता अनुसार सार्वजनिक-निजी साझेदारी केन्द्रको सहयोग लिन सक्नेछ ।

### १३.४ आयोजना तयारी सहजीकरण कोष(Project Preparation Facility Fund)

(१) सार्वजनिक-निजी साझेदारी नीति बमोजिम कार्यान्वयन हुने आयोजनाहरूको सम्भाव्यता अध्ययन, परामर्श सेवा, चुनौती र अवसरहरूको विश्लेषण गर्न अर्थ मन्त्रालयले एउटा आयोजना तयारी सहजीकरण कोष खडा गर्नेछ ।

(२) आयोजना तयारीसहजीकरण कोषकोब्यवस्थापन तथा परिचालन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

### १३.५ जग्गा प्राप्तिका लागि घुम्ती कोष (Revolving Fund)

(१) सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजनाका लागि अर्थमन्त्रालयले जग्गा अधिग्रहण गर्न जग्गा प्राप्तिका लागि घुम्ती कोष को व्यवस्था गर्नेछ ।

(२) कुनै आयोजनाहरूमा जग्गा प्राप्ति बापत भएको  नेपाल सरकारको खर्च निजी क्षेत्रबाट रोयल्टी र/वा भाडा र/वा लिज शूल्कर/वा शोधभर्ना बापत लिने गरी सम्झौता गर्न सकिने छ , रत्यसबापत प्राप्त भएको रकम यसै  कोषमा जम्मा गरिनेछ ।

## १३.६ सम्भाव्यता न्यून परिपूर्ति कोष (Viability Gap Fund)

(१) यस नीतिको कार्यान्वयनको लागि अर्थ मन्त्रालयले सम्भाव्यता न्यून परिपूर्ति कोषखडा गर्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी आयोजनाको प्रस्तावित आय स्रोतहरूको आधारमा खर्चको तुलनामा अनुमानित वित्तीय आय नपुग भई आयोजनाहरूको वित्तीय अवस्था सम्भाव्य नहुने अवस्था भएमा त्यसको लागि मात्र नेपाल सरकारले प्रत्यक्ष पुँजिगत अनुदानको रूपमा सम्भाव्यता न्यून परिपूर्ति कोषबाट वित्तीय सहयोग प्रदान गर्न सक्नेछ । यसरी दिइने पुँजीगत अनुदान आयोजनालाई वित्तीय रूपले सम्भाव्य बनाउनका लागि मात्र उपलब्ध गराइनेछ । यस कोषबाट नपुग रकम लिने आयोजनाका सम्बन्धमा पुँजीगत अनुदान दिने वा आयोजनालाई अन्य माध्यमबाट सम्भाव्य बनाउने भन्ने बारे सार्वजनिक निकायबाट आयोजनाको लेखाजोखा गर्दाकै अवस्थामा सार्वजनिक-निजी साझेदारी केन्द्रको सिफारिसमा निर्देशक समितिबाट निर्क्यौल गराई निर्णय गर्नुपर्नेछ ।

(३) सम्भाव्यता न्यून परिपूर्ति कोषस्वीकृत गर्दा आयोजनालाई नपुग रकम उपलव्ध गराउने सम्बन्धमा बनाइएको निर्देशिका अनुसरण गरिनेछ र यस्तो अनुदान स्वीकृत गर्दा आयोजनालाई सम्भाव्य गराउने अन्य सबै विकल्पहरू पर्याप्त र उपयुक्त नभएमा मात्र अनुदान स्वीकृत गरिनेछ ।

(४) दफा १३.६ (३) मा उल्लिखित व्यवस्था आयोजना कार्यान्वयन निकायले वार्षिक किस्तामा भुक्तानी गर्ने गरी निर्धारण भएका आयोजनामा लागू हुने छैन । यस्तो अवस्थामा निजी क्षेत्रका निकायले आयोजना कार्यान्वयन गर्ने निकायले दिने वार्षिक किस्ता मात्र पाउनेछ ।

## १३.७ पुँजीगत सहभागिता

(१) विशेष अवस्थामा आयोजना कार्यान्वयन निकायहरूले सार्वजनिक-निजी साझेदारी आयोजनामा स्वपुँजी (equity)लगानी गर्न सक्नेछन् । यस सम्बन्धी निर्णय स्पष्ट र लिखित रूपमा पुस्ट्याइएको आधारमा लिइनेछ ।

(२) बुँदा (१) मा उल्लिखित आधारको अतिरिक्त आयोजनाको आर्थिक सम्भाव्यता वृद्धि गर्ने, आयोजना कार्यान्वयन निकायको उपस्थिति बलियो बनाउने, लगानीकर्तालाई सहज वातावरण सिर्जना गराउने र आयोजनाको उचित अनुगमनको लागि सार्वजनिक पुँजी लगानीको दृष्टिबाट आवश्यक देखिने बिषयहरुलाई समेत आधारकोरुपमा लिइनेछ ।

## १३.८ कर छुट तथा मिनाह

नेपाल सरकारले आयोजनाको प्रकृति र विशेषता हेरी सार्वजनिक निजी साझेदारी आयोजनाको लागी कर छुट वा मिनाहा दिन आवश्यक भएमा कर सम्बन्धी ऐनमा व्यवस्था गरी छुट दिन सक्नेछ ।

### १३.९ दीर्घकालीन वित्तीय स्रोतको ब्यवस्था

(१) निजी क्षेत्रलाई भौतिक पूर्वाधार र सेवामा लगानी गर्न आवश्यक पर्ने दीर्घकालीनवित्तीय स्रोतका लागि ऋण प्रवाह गर्ने संयन्त्र विकास गर्न नेपाल सरकारले सहयोग गर्न सक्नेछ ।

(२) भौतिक पूर्वाधार र सेवामा लामो अवधिको वित्तिय लगानी गर्न अन्य मुलुकमा विकास गरिएका नयाँ संयन्त्रहरुको स्थापना सम्बन्धमा नेपाल सरकारले आवश्यक अध्ययन गर्नेछ ।

### १३.१० आर्थिक दायित्व ब्यहोर्ने स्रोतहरू

(१) आवश्यकतानुसार संस्थागत ब्यवस्था मिलाउने, आयोजना छनौट गर्ने, विस्तृत सम्भाव्यता अध्ययन गराउने, आयोजनाको सुपरिवेक्षण गराउने र सफल निजी क्षेत्र छनौट गर्ने जस्ताप्रशासनिकप्रक्रियाहरुमा लाग्ने खर्च नेपाल सरकारको स्रोतबाट ब्यहोरिनेछ ।

(२) जग्गा खरिद गर्ने कार्यमा लाग्ने खर्च नेपाल सरकारकोस्रोतबाट आवश्यक परेमा सुरुमा ब्यहोरिने छ । तर आयोजनाको प्रकृति हेरी उक्त खर्च रकम निजी क्षेत्रबाटशोधभर्ना गराउने वा रोयल्टी/भाडा/लिज शूल्क असुल गर्ने भन्ने सम्बन्धमा आवश्यक ब्यवस्था मिलाइनेछ ।

(३) आयोजना कार्यान्वयन गर्दा लाग्ने सम्पूर्ण आर्थिक दायित्व निजी क्षेत्रबाट ब्यहोरिनेछ ।तर आयोजना कार्यान्वयन इकाइको प्रशासनिक खर्च सार्वजनिक निकायले ब्यहोर्नेछ ।

### १३.११ खर्च ब्यवस्थापन तथा लेखा परीक्षण

(१) सार्वजनिक तथा निजी क्षेत्रको खर्च ब्यवस्थापन तथा लेखा परीक्षण कानुनद्वारा तोकिएका निकायहरूले गर्नेछन् ।

(२) सार्वजनिक-निजी साझेदारी आयोजनाहरूको कार्यान्वयन तथा सञ्चालन चरणमा भएका आम्दानी तथा खर्चहरूको लेखापरीक्षण प्रतिवेदन निजी निकायले सार्वजनिक निकायलाई वार्षिक रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

## १४. कानुनी ब्यवस्था

(१) यो नीति कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक कानुनी ब्यवस्था गर्नेछ । सार्वजनिक-निजी साझेदारी आयोजनाका सम्बन्धमा बन्ने ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनहरूनिर्माण गर्दा यो नीतिलाई आधार मानिनेछ ।

(२) अर्थ मन्त्रालयले राष्ट्रिय योजना आयोगसँग परामर्श गरी आयोजना तयारी सहजीकरण कोष सञ्चालन निर्देशिका जारी गर्नेछ ।

(३) अर्थ मन्त्रालयले सम्भाव्यता न्यून परिपूर्ति कोषनिर्माण गरी त्यसको कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारी केन्द्रको परामर्शमा निर्देशिका जारीगर्नेछ ।

(४) सार्वजनिक निजी साझेदारी केन्द्रले आयोजनाको तयारी, सम्भाव्यता अध्ययन, उपयूक्तताको लेखाजोखा, खरिद प्रक्रिया, नमुना दस्तावेज लगायत यस सम्बन्धी अन्य आवश्यक विषयमा निर्देशिका तयार गरि जारी गर्ने छ ।

## १५. अनुगमन तथा मूल्याङ्कन

(१) सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुसार कार्यान्वयन, सञ्चालन तथा हस्तान्तरण गरिने आयोजनाको नियमन, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रक्रियाहरूलाई सरल, स्पष्ट र प्रभावकारी बनाइनेछ ।

(२) सार्वजनिक-निजी साझेदारी केन्द्रको सहयोगमा अर्थ मन्त्रालयले सार्वजनिक-निजी साझेदारीका आयोजनाको वित्तीय वातावरणको पुनरावलोकन गर्न समय समयमा कार्यदल गठन गरी मूल्याङ्कनगराउन सक्नेछ ।

(३) सम्पूर्ण सार्वजनिक-निजी साझेदारी आयोजनाहरूको अनुगमन गर्ने जिम्मेवारी आयोजना कार्यान्वयन इकाइ मार्फत् सम्बन्धित सार्वजनिक निकायमा रहनेछ ।

(४) सार्वजनिक-निजी साझेदारीको माध्यमबाट सन्चालित आयोजनाको कार्यान्वयनबाट मुलुकमा के कस्ता प्रतिफलहरू प्राप्त भए, यस नीतिको लक्ष्य तथा उद्देश्यहरू प्राप्तिमा देखिएका समस्याहरूको कसरी समाधान गर्नुपर्ने हो सो समेतकोमूल्याङ्कनगरी वार्षिक रूपमा प्रतिवेदन निर्देशक समितिमार्फत नेपाल सरकारलाई प्रस्तुत गर्ने जिम्मेवारी सार्वजनिक-निजी साझेदारी केन्द्रको हुनेछ ।

## १६. नियमनको व्यवस्था

(१) नेपाल सरकारले क्षेत्रगतरुपमा छुट्टाछुट्टै नियमनकारी निकायको गठन गर्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको आवश्यकताका आधारमा त्यस्ता नियमनकारी निकायको भूमिका, अधिकार र जिम्मेवारी फरक-फरक हुन सक्नेछ ।

(३) नियमक निकायहरूबाट सार्वजनिक-निजी साझेदारीका आयोजनाको नियमन हुनेछ ।

(४) नियमन निकाय नभएको अवस्थामा तत्काल कायम रहेको सुशासन तथा नियमन ब्यवस्था लागू हुनेछ । नियमन निष्पक्ष, स्वतन्त्र, पारदर्शी र जवाफदेहीताको आधारमा हुनेछ ।

## १७. जोखिम

यो नीति कार्यान्वयन गर्दा मुख्यतः सार्वजनिक क्षेत्रले निम्न प्रकृतिका जोखिमहरूको सामना गर्नुपर्ने हुन सक्छः-

(१) आयोजनाहरूको पर्याप्त तयारी विना नै कार्यान्वयनमा लगिएमा आयोजनाहरू सफलहुन नसक्ने तथा आयोजनाहरूले धेरै विवादहरूसामना गर्नपर्ने हुन सक्छ ।

(२) आयोजनाहरूको लागि जग्गा अधिग्रहण तथा पुनर्स्थापनाको ब्यवस्था जटिल हुन गई आयोजनाहरूको कार्यान्वयनमा ढिलाइ हुने तथा निजी क्षेत्रलाई क्षतिपूर्ति दिनुपर्ने हुन सक्छ ।

(३) आयोजनाहरूको कार्यान्वयनका क्रममा गुणस्तर, लागत, सञ्चालन, हस्तान्तरण तथा अनुमान गर्न नसकिने जोखिम सम्बन्धी विवाद समाधान गर्ने सयन्त्रको पर्याप्त ब्यवस्थाआयोजना सम्झौतामा कानुन सम्मत तरिकाले समावेश नभएमा आयोजनाहरू अधुरा रहने, ठूलो क्षतिपूर्ति व्यहोर्नुपर्ने एवम्हस्तान्तरण नै हुन नसक्ने सम्मकोअवस्था आइपर्न सक्छ ।

## १८. आयोजना हस्तान्तरण

(१) आयोजना सम्झौताको अवधि समाप्त भएपछि निजी निकायले आयोजनाको भौतिक संरचना र सम्पत्ति चालु अवस्थामा आयोजना कार्यान्वयन निकायलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गर्ने मितिले एक वर्ष अगाडि देखि आयोजना कार्यान्वयन गर्ने निकायको सुपरीवेक्षणमा सम्झौतामा उल्लेख भएबमोजिम आवश्यक मर्मत संभार गरी हस्तान्तरण गर्नुपर्नेछ र सो प्रयोजनको लागि आयोजना कार्यान्वयन निकायले प्रतिनिधिहरूखटाई पठाउनु पर्नेछ ।

**१९. खारेजी तथा बचाउ**

(१) "सार्वजनिक पूर्वाधार संरचना निर्माण, संचालन तथा हस्तान्तरण सम्बन्धी नीति, २०५७" खारेज गरिएको छ ।

(२) उपदफा(१) मा उल्लिखित नीति बमोजिम भए गरेका सम्पूर्ण कामकार्यवाही यसै नीति बमोजिम भए गरेको मानीने छ ।